जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २६ • अंक ८३ • २०८१ साल साउन २६ गते शनिबार (10 August, Saturday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-

## बंगलादेशको विरोधमा जुलुस

टुडे समाचारदाता

जनकपुरधाम । बंगलादेशमा अल्पसंख्यकमाथि भइरहेको आक्रमण रोक्न माग गर्दै शुक्रबार नेपालको केही शहरमा प्रदर्शन भएको छ ।

गत सोमबार प्रधानमन्त्री शेख हसिनाले राजीनामा दिएर भागेपछि हिन्दू, बौद्ध धर्मावलम्बीहरुमाथि निरन्तर आक्रमण भइरहेको बंगलादेशको दैनिक पत्रिका 'द डेली स्टार'ले जनाएको छ ।

करिब १७ करोड जनसंख्या रहेको बंगलादेशमा ९१ प्रतिशत मुस्लिम धर्मावलम्बी छन् । त्यहाँ हिन्दूहरुको मठमन्दिर र घरमा आक्रमण भइरहेको विभिन्न सञ्चार माध्यमले जनाएका छन् ।

वीरगञ्जलगायतका शहरहरुमा हिन्दूवादी विभिन्न संघसंस्थाहरुले हिंसा रोक्न माग गर्दै विरोध प्रदर्शन गरेका छन् । उनीहरुले हिन्दू, बौद्धमाथिको हिंसा नरोकिए त्यसको प्रतिक्रिया अन्यत्र पनि हुने चेतावनी दिएका थिए ।

'द डेली स्टार' का अनुसार बंगलादेशका २७ जिल्लामा हिन्दु धर्मावलम्बीका घर तथा व्यापारिक स्थलमा हमला तथा लुटपाट भएको थियो ।

बंगलादेशमा भइरहेको हिंसात्मक घटनाप्रति नेपाल सरकार मौन रहेको छ । तर हिन्दू धर्मावलम्बीहरुले सरकारलाई कुटनीतिक नोट पठाउन माग गर्दै हिन्दूहरुलाई शरणार्थीको रुपमा नेपाल प्रवेश गर्न दिन माग गरेका छन् ।

## मुख्यमन्त्री सिंहलाई स्पष्टीकरण

# सरकार विवादमा, जनमतले दोषमुक्त हुने दाउ खेले

टुडे समाचारदाता

जनकपुरधाम । मधेश प्रदेशका मुख्यमन्त्री सतीशकुमार सिंहलाई आफ्नै जनमत पार्टीले शुक्रबार स्पष्टीकरण सोधेको छ ।

मुख्यमन्त्री सिंहले गत मंगलवार मन्त्रीमण्डल बिस्तार गरी २० पुऱ्याएपछि सर्वत्र आलोचना हुन थालेको छ। जनता समाजवादी पार्टी(जसपा)नेपालले जम्बो मन्त्रीमण्डल विरुद्ध सडकमा कुर्सी जुलुस गरेको थियो । प्रभु साह नेतृत्वको आम जनता पार्टी( आजपा) लगायतले पनि विरोध गरेको छ ।

सुशासनको नारा दिएर सरकारको नेतृत्व पाएको जनमत पार्टीले १२ मन्त्रालयमा २० मन्त्री बनाएर विवादमा परेको बेला पार्टीले मुख्यमन्त्री सिंहको टाउकोमा दोष थोपारेर चोखिन खोजेको आरोप विपक्षी नेताहरुले लगाएका छन् ।

जम्बो मन्त्रिपरिषद् बनाएको विषयमा मुख्यमन्त्री सिंहलाई स्पष्टीकरण सोधिएको जनमतका प्रवक्ता डा.शरदसिंह यादवले बताएका छन् । 'मन्त्रीमण्डलमा कार्यविभाजनगर्दा पार्टीको सहमति लिएको थिएन ' उनले भने, 'पछिल्लो पटक मन्त्रीमण्डल विस्तारगर्दा पनि आफू खुशी गरेका छन् ।'

जनमत पार्टीका सभासद सिंहलाई मुख्यमन्त्रीमा नेकपा एमाले, नेपाली कांग्रेस र लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा) नेपालले समर्थन गरेको छ । एमालेले भौतिक पूर्वाधार, गृह, सञ्चार तथा कानुन, खेलकुद तथा समाजकल्याण र स्वास्थ्य तथा जसंख्या मन्त्रालय लिएको छ ।

त्यसैगरि कांग्रेसले अर्थ, भूमि व्यवस्था ,कृषि तथा सहकारी, उर्जा ,सिँचाई तथा खानेपानी र श्रम तथा यातायात मन्त्रालय लिएको छ । लोसपाको भागमा शिक्षा तथा संस्कृति मन्त्रालय परेको छ ।



जनमतले मुख्यमन्त्री, उद्योग, वाणिज्य तथा पर्यटन र वन तथा वातावरण मन्त्रालय पाएको छ । यस अघि जसपा नेपालको मुख्यमन्त्री हुँदा अर्थ, उर्जा, सिँचाई तथा खानेपानी, खेलकुद तथा समाजकल्याण मन्त्रालय लिएको थियो । तर जनमत पार्टी वन र उद्योग, वाणिज्यमा सिमित भएको छ । पार्टीका नेता तथा कार्यकर्ताहरुले सरकार र नेतृत्वको कडा आलोचना गर्दै सरकारको नेतृत्वमा पुगेर पार्टी धराशायी हुने उच्च जोखिममा परेको बताउन थालेका छन् ।

पार्टी भित्र र बाहिर तीब्र आलोचना हुन थालेपछि मुख्यमन्त्रीलाई स्पष्टीकरण सोधेर पार्टीको गुम्न लागेको जनविश्वास जोगाउने दोस्रो अन्तिम अस्त्र चलाएको बताइन्छ ।

जसपाले सरकारलाई घेर्ने प्रयास गरिरहेको बेला जनमतले मुख्यमन्त्री र सत्ता गठबन्धनका प्रमुख साझेदार एमाले र कांग्रेसमाथि दोष थोपार्ने काम गरेको आरोप लाग्न थालेको छ ।

मुख्यमन्त्री सिंहले मन्त्रालय बाँडफाँट गर्दा पार्टीसंग समन्वय नगरेको र अहिले राज्यमन्त्री थपेको पनि जानकारी नगराएको स्पष्टीकरणमा उल्लेख रहेको प्रवक्ता डा.यादवले जारी गरेको प्रेस नोटमा उल्लेख छ । 'परिणाम देखिने गरी जनताको हकहितका लागि मन्त्रालयको काममा मुख्यमन्त्रीले ध्यान दिएका छैनन्' उनले प्रेस नोटमा भनेका छन्, अनावश्यक उद्घाटन समारोहमा समय खर्चिंदै आएको उनीमाथि आरोप लागेको छ ।

'पार्टीले दिएका निर्देशन मुख्यमन्त्री सिंहले मानेका छैनन्' यादवले जारी गरेको प्रेस नोटमा अगाडि भनिएको छ , बजेट बनाउने क्रममा सांसदलाई पाँच करोड रुपैयाँ दिने विवादास्पद अभिव्यक्ति दिइ पार्टीको छविमा बारम्बार आँच पुऱ्याउने विषय स्पष्टीकरणमा उल्लेख गरिएको छ ।

जनमत पार्टीका अध्यक्ष सीके राउतको सचिवालयले सामाजिक सञ्जालमा पनि मधेश प्रदेशमा गठबन्धनको सरकार रहेको बताउँदै जनमत पार्टीको सरकार नभएको बुधबार उल्लेख गरेको थियो ।

नेकपा एमालेले जनमतको दोषारोपणप्रति आपत्ति जनाएको छ । 'सरकार गठन हुने बखत सहमति भएपछि मात्र सपथग्रहण भएको थियो' नेकपा एमाले मधेश प्रदेश संसदीय दलका नेता समेत रहेका भौतिक पूर्वाधार विकास मन्त्री सरोज कुमार यादवले भने, सहमति विपरित एमालेले सरकारमा मन्त्रालय लिएको छैन । एमालेको २४ जना सभासद रहेकोमा ४ मन्त्री र ३ राज्यमन्त्री लिएको छ ।

नेपाली कांग्रेसले पनि जनमतको पछिल्लो प्रतिक्रियाप्रति असहमति जनाएको छ । मधेश प्रदेशका सभापति समेत रहेका संसदीय दलका नेता कृष्णाकुमार यादवले जनमत पार्टी आफ्नो संख्या बढाउन राज्यमन्त्रीहरु थप गरेको बताएका छन् ।

'कांग्रेसको २२ जना सभासदमा ४ मन्त्री र २ राज्यमन्त्री रहेको छ ' उनले भने, तर जनमतको १३ सभासदमा एकजना मुख्यमन्त्री, २ जना मन्त्री र २ जना राज्यमन्त्री राखेको छ। जनमतले आफ्नो मन्त्री थप गर्न एमाले र कांग्रेसबाट राज्यमन्त्री थप गरिएको उनले बताए। ८ सभासद भएको लोसपालाई १ मन्त्री र १ राज्यमन्त्री दिएको यादवले जनाए।

संवैधानिक प्रावधान अनुसार मधेश प्रदेशमा कुल सभासदको २० प्रतिशत मन्त्री बनाउन सकिन्छ । १ जना मन्त्री अथवा राज्यमन्त्री अझै थप गर्ने ठाउँ रित्त रहेको छ ।

जनमतले संसदीय दलका नेता महेश प्रसाद यादवलाई पञ्छाएर सिहलाई मुख्यमन्त्री बनाएको छ ।दलको नेता अझै यादव नै रहेका छन् ।तर उनको भूमिका कमजोर बनाइएको छ ।

मुख्यमन्त्री सिंह बिगतमा सप्तरी जिल्लाको तिलाठी कोइलारी गाउँपालिकाका अध्यक्ष हुँदा पाँच वर्षे कार्यकाल निमित्त प्रशासकिय प्रमुखको भरमा चलाएका थिए ।

अहिले मधेश प्रदेशमा धमाधम निमित्त प्रमुखको जिम्मेबारी बाडिदैछ ।विगतमा निमित्त प्रमुख र सचिवसित आर्थिक चलखेल हुने गरेको आरोप लाग्ने गरेको थियो ।






# पशुपति कोटीहोम महायज्ञमा आचार्य कृष्ण दमाइबाट प्रवचन

काठमाण्डु । मानव सेवा फाउण्डेशनले पशुपति परिसरमा आयोजना गरेको कोटिहोम महायज्ञमा आचार्य कृष्ण दमाइले प्रवचन दिनुभएको छ ।

संस्कृतमा आचार्य (स्नातकोत्तर) गर्नुभएका बैतडीका दमाइले शुक्रबार प्रवचन दिनुभएको हो । महायज्ञका सङ्कल्पकर्ता बालयोगेश्वर विजय कृष्णमूर्ति महाराजले आचार्य कृष्णलाई व्यासपीठमा राखी अभिनन्दन गर्नुभएको थियो । प्रवचनका क्रममा आचार्य कृष्णले भन्नुभयो, "संस्कृत साहित्यलगायत अन्य कर्ममा मलाई समावेश गराउने आदरणीय गुरूहरूमा नमन गर्छु । मानिसले स्वर्ग जानुपर्छ भन्छन् तर मेरो लागि त राष्ट्रदेव पशुपतिनाथको चरणमा स्वर्गको महसुस भएको छ । मैले स्वर्ग प्राप्त गरेको अनुभूत गरेको छु ।"



उहाँले कोटीहोममा उपस्थित भएपछि सबै जाती र समुदायले संस्कृत शिक्षा, वेद अध्ययन गर्नुपर्छ भन्ने सोचमा थप बल पुगेको धारणा राख्नुभयो । "दलित समुदायको एउटा व्यक्तिले संस्कृत शिक्षा, वेद अध्ययन गर्नुपर्ने रहेछ भन्ने सोचमा आजको यस ऐतिहासिक कोटीहोममा थप बल पुगेको छ । मलाई व्यासमा बसी यस्तो पवित्रस्थलमा पुग्छु र बोल्छु भन्ने कल्पना नै थिएन ।"

सनातन धर्म संस्कारको रक्षा र सभ्य नागरिक बनाउनका लागि संस्कृत अभियानमा जोडिनुपर्ने धारणा राख्नुहुँदै आचार्य कृष्णले धार्मिक रूपमा विभाजित गर्ने प्रवृत्तिबारे समेत सचेत रहनुपर्नेमा जोड दिनुभयो । उहाँले अगाडि भन्नुभयो, "हामीलाई विभाजित गरी सनातन धर्म संस्कारलाई कमजोर बनाउने षड्यन्त्र भइरहेको छ । त्यसैले हिन्दूत्व र सनातन धर्मका लागि एकताबद्ध रहनुपर्छ । हिन्दू संस्कारलाई बचाउन र सभ्य नागरिक बनाउनु छ भने संस्कृत अभियानमा जुट्न जरूरी छ । सबैले आआफ्नो ठाउँबाट कम्मर कसेर उठ्नुपर्छ ।"

मानवसेवा फाउण्डेशनका संस्थापक तथा पशुपति कोटीहोम महायज्ञका सङ्कल्पकर्ता विजय कृष्णमूर्तिले नेपालमा नयाँ युगको सुरुआत भएको जिकिर गर्नुभयो । उहाँले भन्नुभयो,"दमाइ परिवारबाट आचार्य गर्नुभएका कृष्णलाई व्यासमा राखेर अभिनन्दन गरेका छौं र हामीलाई गर्व लागिराखेको छ, उहाँले निकै गहकिलो प्रवचन दिनुभयो । यो छुवाछूतविरुद्धको ठूलो क्रान्ति हो । बोलीले मात्र होइन व्यवहारले नै सामाजिक विभेद् हटाउनुपर्छ । त्यसैले यो एउटा नयाँ युग र नयाँ क्रान्ति हो ।"

एक महिना अर्थात साउनभर चल्ने कोटिहोममा अहिलेसम्म २५ लाखभन्दा बढी भक्तजनहरू सहभागी भएका त्यस अवसरमा जानकारी दिइयो । दैनिक बिहान ८ बजेदेखि बेलुका ७ बजेसम्म कथा प्रवचनका साथै रुद्री पाठ, १८ पुराणपाठ, एक सय आठ श्रीमद् भागवत पाठ र सप्तचण्डी पाठ पराण गर्ने गरिएको छ ।रासस

# नीति राम्रो हो तर कार्यान्वयन पेचिलो छः अध्यक्ष डा कार्की

चितवन । नेपाल चिकित्सक सङ्घका अध्यक्ष डा अनिलविक्रम कार्कीले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले आफू मातहतका स्वास्थ्य सेवा प्रदायकले दुई सिफ्टमा बहिरङ्ग सेवा सञ्चालन गर्ने नीति सकारात्मक भएको बताउनुभएको छ । "अस्पतालमा दुई सिफ्टमा बहिरङ्ग सेवा सञ्चालन गर्ने नीति सकारात्मक छ, कार्यान्वयनमा कसरी गरिन्छ , त्यो हेर्न बाँकी छ । कार्यान्वयन पेचिलो हुन्छ । "

अध्यक्ष डा कार्कीले मन्त्रालयले दुई सिफ्टमा बहिरङ्ग सेवा सञ्चालन गर्न आवश्यक जनशक्ति, उकरण ,भौतिक पूर्वाधार सहित वजेट वृद्धि गर्नुपर्छ भन्नुभयो ।

उहाँले भन्नुभयो, "अस्पताल विकास समितिले जनशक्तिमा लगानी गर्नुपर्‍यो । सरकारले पनि दरबन्दी थप्नुपर्‍यो ।"

सरकारमा राजनीतिक नेतृत्व परिवर्तन भइरहँदा नयाँ कार्यक्रम आउने गरेको जनाउँदै उहाँले यस्ता कार्यक्रमको गहिराइ अध्ययन गर्नुपर्ने बताउनुभयो । स्वास्थ्य मन्त्रालयले दुई सिफ्टको बहिरङ्ग सेवा सञ्चालनको के उद्देश्यले ल्याएको हो ? भन्ने आफूहरु स्पष्ट नभएको जनाउँदै उहाँले भन्नुभयो, "दुई सिफ्टमा जनतालाई सेवा दिएर पहुँच बढाउँछु भन्ने त राम्रो हो । तर यसको प्राविधिक पाटो र जनशक्तिको पाटो मुख्य कुरा हुन् ।" स्वास्थ्य मन्त्रालयलाई हेर्दा अहिले जनशक्तिको व्यवस्थापनमा ध्यान नदिएको जस्तो देखिएको भन्दै अध्यक्ष डा कार्कीले भन्नुभयो, "किनकी त्यही जनशक्तिले धेरै समय काम गर्नु, समय बढाएर काम गर्नु, गुणस्तरीय सेवा दिन सकिन्छ भन्ने कल्पना नै गर्न नसकिने विषय हो ।" सेवाको समय बढेपछि बिरामीको चाप पनि थपिने र सेवाको चाप पनि थपिने उहाँको भनाइ छ ।



> अध्यक्ष डा कार्कीले मन्त्रालयले दुई सिफ्टमा बहिरङ्ग सेवा सञ्चालन गर्न आवश्यक जनशक्ति, उकरण ,भौतिक पूर्वाधार सहित वजेट वृद्धि गर्नुपर्छ भन्नुभयो ।

विकसित मुलुकहरुको उदाहरण दिँदै अध्यक्ष डा कार्कीले भन्नुभयो, "संसारका विकसित मुलुकमा पनि वेटिङ (पालो कुर्ने) प्रणाली छ । बेलायतमा हेर्ने हो भने बीमा (इन्स्योरेन्स) ले गर्दा छ महिनादेखि एक वर्षको वेटिङ लिस्ट हुन्छ । अमेरिकामा पनि त्यस्तै छ ।

" एटिएमले पैसा दिए जस्तै तुरुन्त सेवा दिनुपर्छ भन्ने गलत धारणा बोकेर हामी हिँडिरहेको जनाउँदै उहाँले भन्नुभयो, "उपचार कुनै इमर्जेन्सी (आकस्मिक) हुन्छ, त्यसलाई तुरुन्त दिनुपर्छ, कुनै ढिलो उपचार गर्दा पनि घाटा नहुने हुन्छ ।"

बहिरङ्ग सेवालाई मात्रै हेरेर अस्पतालको कुरा गरेर नहुने भन्दै उहाँले बहिरङ्गबाहेक चिकित्सकले दिने सेवा धेरै भएको बताउनुभयो । अन्तरङ्गमा भएका बिरामी, शल्यक्रिया, औषधि व्यवस्थापन, अन्य परीक्षणलगायत धेरै काम अस्पतालमा चिकित्सकले गर्नुपर्ने उहाँले जानकारी दिनुभयो ।रासस

# "हाम्रो माया घर"का लागि ३७ लाख बढी संकलन

टुडे समाचारदाता

बर्दिबास । सडक मानवको आश्रय स्थल 'हाम्रो माया घर' निर्माणका लागि महोत्तरीको बर्दिबासमा जारी शिव पूराण महायज्ञमा चार दिनको अवधिमा करिब ३७ लाख ५३ हजार ३७६ रुपैयाँ बराबराको नगद र जिन्सी आर्थिक स्रोत संकलन भएको जनाइएको छ । सो महायज्ञ साउन २९ गतेसम्म चल्ने छ ।



# सिटिजन्स बैंकको स्ट्र्याटेजिक ग्रोथ एण्ड अपरेसनल एक्सिलेन्स कन्फरेन्स सम्पन्न

टुडे समाचारदाता

काठमाण्डु । सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले बैंकिङ क्षेत्रमा बढ्दो ठगीको सम्बन्धमा सर्वसाधारण ग्राहकहरुमाझ सचेतना जगाउनको लागी भिडियो सार्वजनिक गरेको छ ।



बैंकका प्रमुख कार्यकारी अधिकृत गणेशराज पोखरेलले काठमाडौंमा आयोजित सातै प्रदेशका प्रदेश प्रमुख, क्लस्टर हेड, शाखा प्रबन्धक लगायत विभागीय प्रमुखहरु एवं उच्च व्यवस्थापनको सहभागिता रहेको स्ट्र्याटेजिक ग्रोथ एण्ड अपरेसनल एक्सिलेन्स कन्फरेन्सका बीच सो भिडियो सार्वजनिक गरेका हुन् ।

बढ्दो डिजिटलाइजेसनसंगै बैंकिङ क्षेत्रमा ठगीको संख्या बढ्दै गएको र विभिन्न बाहानामा ग्राहकहरुसंग पासवर्ड, ओटीपी, खाताको विवरणहरु मागेर साथै ग्राहकहरुलाई चिठ्ठा तथा अन्य बहुमुल्य सामानहरु जित्नुभएको छ भन्दै प्रलोभनमा पारेर ठगी गर्ने गिरोहको सक्रियता बढिरहेको र यस सचेतना भिडियोबाट बढ्दै गरेका गतिविधिहरुको न्युनिकरणसँगै ग्राहकहरुमा चेतना अभिवृद्धि हुने बैंकको विश्वास छ ।

कन्फरेन्सलाई सम्बोधन गर्दै बैंकका प्रमुख कार्यकारी अधिकृत पोखरेलले सिटिजन्स बैंकलाई बैंकिङ क्षेत्रको अग्रणी बैंक बनाउनका निम्ति सबै कर्मचारीहरुलाई उच्च मनोबलका साथ आफ्नो काममा शतप्रतिशत योगदान, नविनतम एवं नमुना सेवा सुविधा दिदैं अघि बढ्न आग्रह गरे ।

बैंकले देशैभरी ६० जिल्लामा फैलिएका आफ्ना १९७ वटा शाखा, १६२ वटा एटिएम, ३ विस्तार काउन्टर र ७४ वटा शाखारहित बैंकिङ्ग इकाइहरुबाट करिव १८ लाख ग्राहकलाई आधुनिक बैंकिङ्ग सेवाहरु प्रदान गर्दै आएको जनाएको छ ।

# एमएडब्लु वृद्धी कमर्सियल भेहिकलद्वारा बर्दिवासमा नयाँ शोरुम संचालनको सुरुवात




टुडे समाचारदाता

जनकपुरधाम । नेपालमा व्यावसायिक सवारी साधनको अग्रणी प्रदायक कम्पनी एमएडब्लू वृद्धि कमर्शियल भेइकल्स प्रा.लि.ले बर्दिवासमा आफ्नो ब्राण्ड न्यू शोरुमको भव्य उद्घाटन गरेको छाहोटल रेड क्राउन, बर्दिबासको छेउमा रहेको यो अत्याधुनिक सुविधासम्पन्न शोरुम शुक्रबारदेखि आधिकारिक रूपमा सञ्चालनमा आएको हो।

शोरुममा दुई ब्राण्डहरू फोटोन र सोकोनका कमर्सियल गाडीहरू उपलब्ध छन्।

फोटोन मोटर्स चीनको नम्बर १ व्यावसायिक वाहन निर्माताको आधिकारिक वितरकको रूपमा कम्पनीले हाईरुफ ईभी भ्यान, टुनल्याण्ड र टिएम वान सहित कुशल र भरपर्दा सवारी साधनहरूको रेन्ज प्रदान गर्दछ। आफ्नो व्यावसायिक सवारी साधनको विकल्पलाई थप विस्तार गर्न एमएडब्लू वृद्धिले सोकोन मोटर्सलाई पनि भित्र्याएको छ जसको बहुमुखी ईसी थर्टी सिक्स भ्यान यात्रुवाहक, स्कुल र कार्गो भेरियन्टहरूमा उपलब्ध छन्।

डेडीकेटेड बिक्री टोलीको न्यानो स्वागत र विशेषज्ञ मार्गदर्शनको साथमा ग्राहकहरूले आफ्ना लागि उपयुक्त विकल्पहरू अन्वेषण गर्न सक्नेछन् र आफ्नो व्यवसायलाई माथि उठाउनको लागि उत्तम गाडी फेला पार्न सक्नेछन्।

नयाँ शोरुम एमएडब्लू वृद्धिको लागि एउटा महत्वपूर्ण कदमको सङ्केत हो। यसले ग्राहक सेवाप्रतिको प्रतिबद्धतालाई बलियो बनाई कम्पनीको उपस्थितिलाई नेपालभर विस्तार गर्दछ। बर्दिबास र आसपासका ग्राहकहरूले अब नयाँ व्यावसायिक सवारी साधनहरू अनुभव गर्न, वित्तिय विकल्पहरू खोज्न र नयाँ खोलिएको शोरुमबाट फाइदा लिन सक्ने कम्पनीका सेल्स हेड नवीन आर्चायले जानकारी दिए ।

उद्धाटन कार्यक्रममा कम्पनीका सिइओ तुसार गुप्ताले चाडैंने नेपालका विभिन्न ठाउँमा थप सोरुमहरु सञ्चालनमा ल्याउन लागेको बताए । सोरुमको उद्धाटन गर्दै मधेश प्रदेशका राज्यमन्त्री सारदा देवी थापाले मधेश प्रदेशमा ईभी गाडीको प्रयोगले गाडी व्यवसायीहरुलाई अधिक लाभ हुने विश्वास व्यक्त गर्दै शुभकामना दिए ।

# श्री एयरलाइन्सको विमान धावनमार्गबाट फर्किएपछि...




काठमाण्डु । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट बिहान सुर्खेत उडान भर्ने क्रममा रहेको श्री एयरलाइन्सको विमान धावनमार्गबाट फर्किएको छ । उक्त विमान धावनमार्गबाट उड्नैलाग्दा फर्काएर पार्किङमा ल्याइएको थियो ।

शुक्रबार बिहान ७:३० बजे सुर्खेत उडान तालिका रहेको उक्त विमान धावनमार्गमा पुगेर फर्किएको विमानका यात्रु राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद बिनिता कठायतले जानकारी दिनुभयो ।

"विमानका यात्रुको बोर्डिङ सकेर विमान धावनमार्गमा 'टेकअफ'को अन्तिम 'प्वाइन्ट'मा पुगिसकेको थियो, एक्कासी विमान फर्काएपछि यात्रुले विमान किन फर्काएको भनी जिज्ञासा राख्दा प्राविधिक कारणले फर्काइएको विमानका कर्मचारीले जवाफ दिए", उहाँले भन्नुभयो । सांसद कठायतले विमान धावनमार्गबाट उड्नैलाग्ला फर्काइनु एयरलाइन्सको लापरवाही भएको बताउनुभयो ।

श्री एयरलाइन्सका व्यवस्थापक अनिल मानन्धरले भने विमानका केही यात्रुबीच विवाद भएपछि विमान फर्काएर अहिले सुर्खेत उडानको तयारीमा रहेको बताउनुभयो । "प्राविधिक समस्याका कारण होइन, दुई-चारजना यात्रीबीचको विवादले होहल्ला भएपछि पाइलटले विमान फर्काएका हुन्", उहाँले भन्नुभयो, "नागरिक उड्डयनको मापदण्डअनुरुप यात्रीबीच विवाद भएपछि अर्को प्रक्रिया पुर्याएर यात्रीलाई गन्तव्यमा लैजानुपर्ने हुन्छ ।"रासस

## विमालेख हरायो

मेरो निम्न ब्यहोरा भएको रिलायन्स लाइफ इन्स्योरेन्स कं. लि. को विमा लेख मिति २०८१/३/२० गते हराएकोले फेला पार्नु हुने महानुभावले तलको ठेगानामा अथवा नजिकको प्रहरी चौकीमा खबर गरिदिनु हुन अनुरोध छ ।

**नाम : मो. बसीर अंसारी**
**विमालेख नं.:२०१०००००१९६४**
**ठेगानाः जनकपुर-१७, कनकपट्टी**
**मो.नं. ९८१९८९१२१४**

## माइग्रेशन हरायो

घरबाट महोत्तरी जिल्लाको गौशाला चोकदेखि जिरोमाइल जानेक्रममा मेरो निम्न व्यहोरा भएको निम्न अनुसारको कक्षा १२ को माइग्रेशन मिति २०८१/०१/१५ गते हराएकोले फेला पार्नु हुने महानुभावले तलको ठेगाना अथवा नजिकको प्रहरी चौकीमा खबर गरिदिनु हुन अनुरोध छ।

**नाम : रामपृत प्रसाद कुशवाहा**
**सिम्बोल नं.: २३१०२७६३**
**रजिष्ट्रेशन नं.:७६३११००५३**
**ठेगानाः जि.रौतहट, माधवनारायण नपा -८**
**मो.नं.९८१५२२६५०७**

## तपाईंको आज

पण्डित : बम जी

| | |
|---|---|
| मेष | : भ्रमण अवसर हुने । |
| बृष | : अवसर प्राप्त । |
| मिथुन | : वाद विवादबाट बच्नु । |
| कर्कट | : पुरस्कार प्राप्त लाभ । |
| सिंह | : नयाँ कार्य हुने । |
| कन्या | : बौद्धिक क्षमता । |
| तुला | : प्रतिभा सम्पन्नता । |
| वृश्चिक | : शिक्षामा उन्नति । |
| धनु | : पारिवाहिक सुख । |
| मकर | : धन वृद्धि सञ्चय । |
| कुम्भ | : प्रेम प्रसंग, मित्र सुख । |
| मीन | : सुख समृद्धि हुने । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन


| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



जनकपुरधामको विषहरा पोखरीको अगाडीमा नाग पंचमीको दिन शुक्रबार नागपुजा मनाइदै । तस्विर : संजय कुमार यादव

# केन्द्रीय समितिमा डा राणाको सुझाव: ३३ प्रतिशत महिला सहभागिता अनिवार्य गरौँ




काठमाण्डु । नेपाली कांग्रेसकी केन्द्रीय सदस्य डा आरजु राणा देउवाले प्रत्यक्ष निर्वाचनमा नै ३३ प्रतिशत महिला उम्मेदवारी अनिवार्य गर्नेगरी पार्टीले नीति बनाउनुपर्ने धारणा राख्नुभएको छ ।

नेपाली कांग्रेसको जारी केन्द्रीय कार्यसमितिको शुक्रबारको बैठकमा महामन्त्रीद्वारा पेस भएको प्रतिवेदन एवं जनप्रतिनिधि कार्यसम्पादन निर्देशिका-२०८१ का सन्दर्भमा आफ्ना सुझाव राख्नुहुँदै उहाँले नेपाली कांग्रेसले राज्यका निकायमा ३३ प्रतिशत महिला सहभागिताको नीति लिएको भए पनि प्रत्यक्ष निर्वाचनमा नै यसको सुनिश्चितताको माग गर्नुभएको हो । केन्द्रीय सदस्य डा राणाले भन्नुभयो, "समावेशिताका विषयमा मैले पहिल्यैदेखि प्रत्यक्ष निर्वाचनमै महिलालाई ३३ र दलित समुदायका लागि १० प्रतिशत उम्मेदवारीको सुनिश्चितता हुनेगरी नीति बनाउँ भन्दै आएको छु, यो मेरो सुझाव हो ।"

उहाँले पार्टीका प्रत्येक प्रशिक्षण कार्यक्रममा लैङ्गिक र समावेशितासम्बन्धी छुट्टै सत्र समावेश गरी यसको पाठ्यक्रममा नै लैङ्गिक र समावेशिता विषय समेट्नुपर्ने धारणा राख्नुभयो । केन्द्रीय सदस्य डा राणाले स्थानीय तहमा लैङ्गिक र सामाजिक समावेशिताको पनि सामाजिक 'अडिट' गर्नुपर्ने, स्थानीय तहमा रहेका पार्टीका जनप्रतिनिधिहरूले गरेका कामहरूका साथै पार्टीको केन्द्र र प्रदेश तहमा भए गरेका समग्र कामको अनुगमन तथा मूल्याङ्कन गर्न एक छुट्टै संयन्त्रको निर्माण गर्नुपर्ने धारणा राख्नुभयो ।

उहाँले पार्टीका कुनै पनि विभागको अलग्गै 'वेबसाइट' बनाएर त्यसमा ती विभागका कामहरूको प्रतिवेदन अद्यावधिक गरी राख्नुपर्ने र यसो गर्दा पार्टीका सबै विभागका क्रियाकलाप खुला रूपमा सबैले अध्ययन गर्न सक्ने हुनुपर्ने बताउनुभयो । डा राणाले कामको प्रभावकारिता र प्रतिबद्धताका आधारमा भ्रातृ संस्था या शुभेच्छुक संस्थामा सदस्य तथा पदाधिकारी नियुक्त गरिनुपर्ने र थप जिम्मेवारी दिनुपर्ने पनि बताउनुभयो ।त्यसैगरी, सम्पूर्ण भ्रातृ सङ्गठनहरूको आ-आफ्नै बैङ्क खाता खोली ती सबै खाताको अनुगमन पार्टीको केन्द्रले गर्ने र बर्सेनि लेखापरीक्षणको व्यवस्था हुनुपर्ने पनि उहाँको सुझाव थियो ।

पार्टीका तर्फबाट प्रधानमन्त्री बन्ने कुरा एक या दुईपटक मात्र भनेर तोक्न नहुने उहाँको तर्क थियो । उहाँले भन्नुभयो, "प्रधानमन्त्री कति पटक बन्न पाउने भन्ने विषयमा कुनै प्रावधान पार्टीको विधानमा नै राख्नुपर्छ भन्ने मलाई लाग्दैन, यो त अनुभव, काम तथा व्यक्तिको प्रभावकारिताका आधारमा हुने हो ।

"परराष्ट्रमन्त्री डा राणाले यसअघिको बैठकमा आफ्नो मन्त्रालय, बङ्गलादेशमा विकसित पछिल्लो राजनीतिक घटनाक्रम र समसामयिक विषयमा जानकारी गराउनुभएको थियो । रासस

## विपद्मा परी हालसम्म एक सय ७० को मृत्यु

काठमाण्डु । अविरल वर्षाका कारण गत जेठ २८ गतेदेखि देशका विभिन्न स्थानमा आएको बाढी, पहिरोलगायतका विपद्मा परी शुक्रबार दिउँसोसम्म एक सय ७० जनाको मृत्यु भएको छ ।

काठमाडौँ उपत्यकामा तीन, कोशी प्रदेशमा २५, मधेस प्रदेशमा छ, बागमती प्रदेशमा ३१, गण्डकी प्रदेशमा ५४, लुम्बिनी प्रदेशमा ३३, कर्णाली



प्रदेशमा आठ र सुदूरपश्चिम प्रदेशमा १० गरी जम्मा एक सय ७० जनाको मृत्यु भएको हो ।

विपद्मा परी हालसम्म दुई सय तीन जना घाइते भएका छन् । काठमाडौँ उपत्यकामा ११, कोशी प्रदेशमा ३७, मधेस प्रदेशमा १०, बागमती प्रदेशमा १९, गण्डकी प्रदेशमा ४६, लुम्बिनी प्रदेशमा १३, कर्णाली प्रदेशमा ५३ र सुदूरपश्चिम प्रदेशमा १४ जना घाइते भएका हुन् ।

बाढीपहिरामा परी कोशी प्रदेशमा दुई, बागमती प्रदेशमा ४१, गण्डकी प्रदेशमा दुई, लुम्बिनी प्रदेशमा एक, कर्णाली प्रदेशमा एक र सुदूरपश्चिम प्रदेशमा एक गरी ४८ जना बेपत्ता छन् । बेपत्ताको खोजी जारी रहेको प्रहरी प्रधान कार्यालयले जनाएको छ ।रासस

# 'सामाजिक विकासमा सामुदायिक वनको योगदान महत्वपूर्ण'

काठमाण्डु । वन तथा वातावरण मन्त्री ऐनबहादुर शाही ठकुरीले प्रकृति संरक्षण, वातावरणीय सन्तुलन र सामाजिक विकासमा सामुदायिक वनको योगदान महत्वपूर्ण रहेको बताउनुभएको छ ।

सामुदायिक वन दिवस, २०८१ का अवसरमा एमालेको वन तथा वातावरण विभागले शुक्रबार आयोजना गरेको कार्यक्रममा उहाँले वन क्षेत्र विस्तार भएकाले अब दुई वर्षमा काठमा आत्मनिर्भर र पाँच वर्षमा काठ निर्यात गर्ने गरी मन्त्रालयले काम अघि बढाउने जानकारी गराउनुभयो । यसका लागि सरोकारवाला सबैको सहयोगको अपेक्षा गरिएको उहाँको भनाइ थियो । मन्त्री ठकुरीले सामुदायिक वनका कार्ययोजना निर्माणमा देखिएका समस्या चाँडै समाधान हुने विश्वास व्यक्त गर्नुभयो ।

त्यस अवसरमा रक्षामन्त्री मानवीर राईले वनजङ्गलले वातावरण संरक्षणका साथै पानीका मुहान पनि संरक्षण हुने भएकाले वन क्षेत्रको दिगो संरक्षणमा जोड दिनुभयो । उहाँले आयातित सल्लाका बोटले पानीका मुहान सुक्दै गएको बताउँदै नेपालका रैथाने सल्लाको वन विस्तारमा जोड दिनुपर्ने धारणा व्यक्त गर्नुभयो ।



मन्त्री राईले वनको विविधताले सबै वन्यजन्तुका लागि आहारा प्रदान गर्ने भए पनि पछिल्लो समय वनमा आहाराको कमी हुँदा बाँदर प्रजाति आहारका लागि मानव बस्ती पस्ने गरेको बताउनुभयो ।नेपाल कम्युनिष्ट पार्टी (एमाले) का महासचिव शङ्कर पाखरेलले नेपालले लक्ष्यअनुरुपको वन क्षेत्र संरक्षणमा सफलता हासिल बताउँदै अब वन क्षेत्र विस्तार गर्ने नीति आवश्यक नरहेको धारणा व्यक्त गर्नुभएको छ ।

उहाँले प्राकृतिक स्रोतको संरक्षण र त्यसबाट स्थानीयले प्राप्त गर्ने लाभलाई सँगै लैजानुपर्नेमा जोड दिनुभयो । प्रकृति र मानिसलाई सँगै जोड्न सके मात्र प्रकृतिको दिगो व्यवस्थापन हुने उहाँको भनाइ थियो ।महासचिव पोखरेलले नेपालको सामुदायिक वनले प्रकृति संरक्षणमा विश्वमै उदाहरणीय काम गरेको उल्लेख गर्दै भन्नुभयो, "हाम्रो प्रकृति हाम्रै लागि उपयोग हुनुपर्छ ।" उहाँले पर्यापर्यटनबाट पनि वन संरक्षण हुन्छ भन्ने नयाँ अवधारणमा सरकारका आगामी नीति बन्नुपर्ने धारणा व्यक्त गर्नुभयो ।

नेपाली कांग्रेसका नेता शङ्कर भण्डारीले वन क्षेत्र बढाएर मात्र नहुने बताउँदै काठको उत्पादन बढाएर विदेशबाट हुने आयात रोक्नुपर्नेमा जोड दिनुभयो । उहाँले वैज्ञानिक वन व्यवस्थापन विस्तृत अध्ययन नगरी खारेज गरेका कारण वन उत्पादनमा समस्या देखिएको बताउनुभयो । नेता भण्डारीले मुलुकको आवश्यकताअनुसार वन संरक्षण र वन्यजन्तु व्यवस्थापनको नीति बनाउन आवश्यक रहेको उल्लेख गर्नुभयो ।

कार्यक्रममा विभागका प्रमुख एवं बागमती प्रदेशसभा सदस्य भारती पाठकले वन संरक्षणमा सामुदायिक वन उपभोक्ता समूहको योगदान महत्वपूर्ण रहेको बताउँदै यसमा देखिएका समस्या र चुनौती समाधानमा मन्त्रालयले तदारुकता देखाउनुपर्नेमा जोड दिनुभयो ।रासस

# सञ्चार क्षेत्रका विकृति अन्त्य गनुपर्नेमा जोड

काठमाण्डु । प्राज्ञिक क्षेत्रका व्यक्तिहरूले सञ्चार क्षेत्र पनि विकृतिबाट अछुतो नरहेको बताउँदै पत्रकार स्वयंले त्यसको अन्त्य गर्नुपर्नेमा जोड दिएका छन् ।

त्रिभुवन विश्वविद्यालय रत्नराज्यलक्ष्मी क्याम्पसको पत्रकारिता विभागले शुक्रबार आयोजना गरेको 'आरआर जर्नल' विमोचन तथा अन्तर्क्रियामा क्याम्पस प्रमुख प्रा डा जीवनधर ज्ञवालीले आरआर क्याम्पस पत्रकारिता प्रशिक्षणको प्रमुख केन्द्र भएको बताउँदै सञ्चार क्षेत्रमा पनि विकृति, विसङ्गति विद्यमान रहेकाले त्यसको अन्त्य पत्रकारहरूले नै गर्नुपर्नेमा जोड दिनुभयो । "सञ्चार क्षेत्रले समाजलाई सही दिशामा डोऱ्याउने भएकाले सञ्चारकर्मीले पेसाप्रति इमान्दार भएर काम गर्नुपर्छ", उहाँले भन्नुभयो ।




विषय शिक्षक, नेपाल पत्रकार महासङ्घका केन्द्रीय सदस्य एवं पत्रकारिता तथा आमसञ्चार प्राज्ञिक समन्वय विभागका प्रमुख शन्तराम विडारीले गुणस्तरीय पत्रकारिता शिक्षा प्रदान गर्न कलेज प्रतिबद्ध रहेको बताउँदै समाचार कक्षलाई कक्षाकोठासँग जोडेर अध्यापन जारी राखेको जानकारी दिनुभयो । उहाँले पत्रकारितालाई मर्यादित र गुणस्तरीय बनाउनु आजको आवश्यकता भएको बताउनुभयो ।

पत्रकारिता विभाग प्रमुख डा जगत् नेपालले पत्रकारितामा नवप्रवेशीहरुका धेरै अवसर छन् भन्दै उनीहरूलाई पेसाप्रति समर्पित भएर काम गर्न आग्रह गर्नुभयो । त्यस अवसरमा पत्रकारिता गर्दै पढ्दै गरेका कमलकृष्ण विष्ट, फोमस भण्डारी, अञ्जिता पोखरेल, समिता ढकाल, प्रकाश कपाली, हरेराम भेटवाल, प्रेरणा आचार्य र भीमबहादुर लामाले पत्रकारिताका अनुभव सुनाउनुभएको थियो ।रासस

## तालाबन्दीप्रति बौद्ध सङ्घसंस्थाको विमति

काठमाण्डु । धर्मोदय सभा र अन्य बौद्ध सङ्घसंस्थाले लुम्बिनी विकास कोषमा गरिएको तालाबन्दी, घेराउलाई अशोभनीय क्रियाकलाप भन्दै त्यसप्रति विरोध जनाएका छन् ।

लुम्बिनी नगर क्षेत्रका स्थानीय बासिन्दासहित केही समूहले प्रस्तुत गरेका मागप्रति विपति जनाउँदै सभाद्वारा प्रेषित विज्ञप्तिमा भनिएको छ, "लुम्बिनी विकास कोषसामु प्रस्तुत माग सकारात्मक भए पनि कोष गठन ऐन कानुन बमोजिम हुने तथा कोष स्थानीयलाई जिम्मा दिनु पर्ने माग जायज ठहर्न सक्दैन । मापदण्डअनुसार योग्यता पुगेकालाई स्थान दिनुपर्ने विषयलाई मागपत्रमै लेखिनुले शङ्का उब्जाएको छ ।"

अखिल नेपाल भिक्षु महासङ्घ, नेपाल बौद्ध महासङ्घ, नेपाल परम्परागत बौद्धधर्म सङ्घ, लोटस रिसर्च सेन्टर तथा नेपाल मगर बौद्ध सेवा समाजले मायादेवी मन्दिरमा पूजापाठ गर्ने पुजारी नियुक्त गर्नुपर्ने मागप्रति असहमति जनाएका हुन् । यी संस्थाले लुम्बिनीको महत्व र संवेदनशीलतालाई दृष्टिगत यो विश्व सम्पदा क्षेत्रमा अशान्ति हुने कुनै किसिमका गतिविधि नगर्न सम्बन्धित सबैसँग अनुरोध गरेका छन् ।रासस

# प्रक्रियामा नआई बिल तिर्दिन भन्नै मिल्दैन : कार्यकारी निर्देशक घिसिङ

काठमाण्डु । पछिल्ला दिन चर्चामा रहेको 'डेडिकेटेड' एवं 'ट्रङ्क' लाइन महशुल विवादका सम्बन्धमा उद्योगीहरू कानुनी बाटोमा नआएको नेपाल विद्युत् प्राधिकरणले स्पष्ट पारेको छ । प्राधिकरणले जारी गरेको बिलमा कुनै गुनासो रहेको भए प्राधिकरणकै पुनरावलोकन समिति समक्ष निवेदन दिनुपर्नेमा उद्योगीहरूले त्यसो नगरेको जनाएको छ ।

"पुनवरालोकन समितिमा नआउने, अदालतले पनि बिल उठाउ भनेको अवस्थामा राज्यको राजस्व छाड्ने र छुट दिने भन्ने हुँदैन, हामी छुट दिन सक्दैनौँ," प्राधिकरणमा आज आयोजित पत्रकार सम्मेलनमा कार्यकारी निर्देशक कुलमान घिसिङले भन्नुभयो, "लोडसेडिङको समयमा सुविधा लिएका उद्योगलाई कानुनअनुसार बिल काटेको र त्यसको प्रमाण सुरक्षित रहेको छ ।"

उद्योग व्यवसायलाई डेडिकेटेड र ट्रङ्क लाइन महशुलका सम्बन्धमा रहेको टाइम अफ डे (टिओडी) मिटरको सबै विवरण संसद्को सार्वजनिक लेखा समितिलाई उपलब्ध गराइएको उहाँले जानकारी दिनुभयो । "मैले मागेको ठाउँमा सबै विवरण दिएको छु । आवश्यक परे अझै विवरण उपलब्ध गराउँछौँ, तर सार्वजनिक स्थानमा जसले जति बेला जे प्रमाण माग्यो त्यो दिइ हाल्नुपर्छ भन्ने छैन । अब सम्बन्धित निकायलाई आवश्यक कागजात दिएको छु," उहाँले भन्नुभयो । बिहिबार मात्रै प्राधिकरणले सार्वजनिक लेखा समितिले मागेअनुसार सबै विवरण उपलब्ध गराएको कार्यकारी घिसिङले बताउनुभयो ।



**प्राधिकरणको सञ्चित नाफा ४७ अर्ब ४१ करोड**

कार्यकारी घिसिङका अनुसार आर्थिक वर्ष २०७२/७३ मा रु आठ अर्ब ८९ करोड रुपैयाँ खुद नोक्सानीमा रहेको थियो । आर्थिक वर्ष २०७३/७४ मा रु एक अर्ब ५० करोड खुद नाफा कमाएको थियो । गत आर्थिक वर्षमा रु १३ अर्ब ३१ करोड नाफा पुगेको छ । आठ वर्षअघि रु ३४ अर्ब ६१ करोड सञ्चित घाटामा रहेको प्राधिकरणले अहिले रु ४७ अर्ब ४१ करोड सञ्चित नाफामा पुगेको छ ।

विद्युत्को महसुल तीन पटक गरी करिव २५ प्रतिशत घटाए पनि नाफामा बृद्धि भइरहेको उल्लेख गर्दै कार्यकारी घिसिङले प्राधिकरणका करिब कूल ५९ लाख ग्राहकमध्ये करिब २२ लाख ग्राहकलाई न्यूनतम शुल्क रु ३० मात्र कायम गरी ऊर्जा निःशुल्क गरिएको जानकारी दिनुभयो । उहाँले सिँचाइका लागि प्रतियुनिट रु दुईमा विद्युत् उपलब्ध छ भने लिफ्टिङ खानेपानीमा डिमान्ड शुल्क नलाग्ने र इनर्जी शुल्कमा सहुलियतको व्यवस्था गरिएको बताउनुभयो ।

"विद्युतीय सवारी साधनलाई प्रोत्साहन गर्न चार्जिङ स्टेसनमा सहुलियतपूर्ण महसुल दर कायम गरिएको छ," कार्यकारी घिसिङले भन्नुभयो, "यसरी प्राधिकरणले नाफा कमाउन मात्र हैन, आफ्नो सामाजिक दायित्वलाई पूरा गरिरहेका छौँ ।"

इक्रा नेपालले गरेको 'क्रेडिट रेटिङ' मा प्राधिकरणले निरन्तर 'डबल ए प्लस' रेटिङ पाइरहेको जानकारी दिँदै कार्यकारी घिसिङले यसबाट प्राधिकरण आफ्नो वित्तीय तथा आर्थिक दायित्व बहन गर्न सक्ने क्षमतामा देखिएको बताउनुभयो । "यसरी, प्राधिकरणले कमाएको नाफा ग्राफमा देखिने कोरा अङ्क मात्र होइन, यो त विद्युत् विकासका पूर्वाधार निर्माण र सेवा विस्तारमा लगानी हुने भरपर्दो स्रोत पनि बनेको छ । जसले भविस्यको थप नाफालाई पनि सुनिश्चित गर्नेछ," उहाँले भन्नुभयो ।

आम सर्वसाधारणलाई १० प्रतिशत सेयर आम सर्वसाधारणलाई निष्कासन गरी सङ्कलन गरिएको रकम ठूला जलविद्युत् आयोजनामा लगानी गर्ने प्राधिकरणले तयारी गरेको छ । विद्युत् प्रसारण तथा वितरणतर्फका पूर्वाधार संरचना विस्तार तथा सुदृढीकरणमा ठूलो लगानी परिचालन गरिएको कार्यकारी निर्देशक घिसिङले जानकारी दिनुभयो । उहाँका अनुसार पछिल्लो आठ वर्षमा मात्र प्राधिकरणले करिब रु एक खर्ब पूँजिगत लगानी गर्न सक्षम देखिएको छ । प्राधिकरणले आफ्ना सहायक र सम्वद्ध कम्पनीमा रु ५६ अर्ब ६८ करोडभन्दा बढी लगानी गरेको छ ।

कार्यकारी निर्देशक घिसिङले भन्नुभयो, "संवैधानिक निकाय महालेखा परीक्षकको कार्यालयको अन्तिम लेखापरीक्षणबाट देखिएको प्राधिकरणको नाफा कुनै कागजी हैन यो त आन्तरिकरूपमा लगानीका लागि एउटा दरिलो स्रोत हो ।" उहाँका अनुसार देशभित्र खपत गरी अतिरिक्त भएको विद्युत् भारतीय प्रतिस्पर्धी बजारको डे-अहेड र रियल टाइम मार्केट र मध्यकालीन सम्झौताबमोजिम पनि विद्युत् निर्यात भइरहेको छ । "विद्युत् निर्यात परिमाण हरेक वर्ष बढिरहेका छ । नेपालले औपचारिक रुपमा विद्युत् निर्यात नोभेम्बर २०२१ बाट शुरु गरेको थियो," उहाँले भन्नुभयो, "निर्यातको मात्रा बढ्दै गएर गत आवमा एक अर्ब ९४ करोड युनिट विद्युत् निर्यात गरी रु १७ अर्ब सात करोड आम्दानी भएको छ ।"

वर्षायाममा दैनिक सात सय मेगावाटभन्दा बढी विद्युत् निर्यात भइरहेको कार्यकारी घिसिङले जानकरी दिनुभयो । उहाँका अनुसार सुख्खायाममा नदीमा पानीको बहाव घटी देशभित्रका नदी प्रवाही जलविद्युत् गृहहरूबाट विद्युत् उत्पादन घट्ने हुँदा माग धान्न गाह्रो हुने गरेको छ ।

"गत आवमा भारतबाट एक अर्ब ९१ करोड युनिट अर्थात् रु १६ अर्ब ९३ करोड बराबरको विद्युत् आयात गरिएको छ," कार्यकारी घिसिङले भन्नुभयो, "गत आर्थिक वर्षमा आयातभन्दा करिव रु १३ करोड बढीको विद्युत् निर्यात भएको छ ।" आर्थिक वर्ष २०८०/८१ बाट खुद विद्युत् आयातकर्ताबाट नेपाल खुद विद्युत् निर्यातकर्ता बन्न सफल भएको बताउँदै कार्यकारी घिसिङले यो नेपालको जलविद्युत् विकासका लागि कोशेढुङ्गा भएको उल्लेख गर्नुभयो ।

कार्यकारी घिसिङका अनुसार आठ वर्ष अघि दुई हजार आठ सय मेगावाटको मात्र विद्युत् खरिद सम्झौता गरिएकोमा निजी क्षेत्रका आयोजनालाई प्रोत्साहन गर्न लिइएका नीतिका कारण हाल १० हजार तीन सय मेगावाट भन्दा बढीको विद्युत खरिद सम्झौता भएको छ । उहाँले आगामी पाँच वर्षभित्रै अर्थात सन् २०२८/२९ मा नेपालको जडित क्षमता झण्डै १० हजार मेगावाट पुग्ने प्रक्षेपण गरिएको बताउनुभयो ।रासस

# सहज उपचारको व्यवस्था मिलाउन प्रधानमन्त्रीको निर्देशन



काठमाण्डु।प्रधानमन्त्रीकेपीशर्मा ओलीले सबै सरकारी अस्पतालमा सहज उपचारको व्यवस्था मिलाउन सम्बन्धित निकायलाई निर्देशन दिनुभएको छ।

स्वास्थ्य क्षेत्रका समस्या, समाधानका उपाय र तत्काल गर्न सकिने सुधारबारे बिहीबार साँझ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा भएको छलफलमा प्रधानमन्त्री ओलीले बिरामीलाई लाइन नबसी सहज रूपमा उपचारको व्यवस्था गर्न आग्रह गर्नुभएको हो। प्रधानमन्त्री ओलीले चिकित्सक र स्वास्थ्यकर्मीलाई सुविधा दिएर भए पनि आवश्यक परेका बेला खटाउन आग्रह गर्नुभयो। "सरकारी अस्पतालमा कार्यालय समयमा जाँच नगरे बिरामीलाई निजी क्लिनिकमा बोलाउने प्रवृत्ति अन्त्य हुनुपर्छ।", प्रधानमन्त्रीले भन्नुभयो।

बिरामीलाई अस्पतालमा भर्ना नगरेसम्म उपचार नथाल्ने र पैसा तिर्न नसकेका कारण उपचार नहुने अवस्थाको अन्त्य हुनुपर्ने बताउँदै उहाँले स्वास्थ्य बीमालाई व्यावहारिक र कार्यान्वयनयोग्य बनाउन आग्रह गर्नुभयो।छलफलमा उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेल, स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेल, कायमुकायम मुख्यसचिव, स्वास्थ्य मन्त्रालयका सचिवलगायत उच्च अधिकारी सहभागी हुनुहुन्थ्यो।रासस

# 'नागरिकलाई सहज स्वास्थ्य सेवा दिनु सरकारको पहिलो प्राथमिकता'

अस्पतालमा अहिले भएका स्रोत र साधनको अधिकतम प्रयोग गरेर सेवालाई प्रभावकारी बनाउन आग्रह गर्दै मन्त्री पौडेलले भन्नुभयो, "पहिलो विषय नागरिकलाई स्वास्थ्य सेवा प्रवाह गर्ने हो। अस्पताललाई थप गुणस्तरीय र आधुनिक बनाउन योजनाबद्ध रुपमा काम गर्दै जानेछौँ। यसमा सबैले सहयोग गर्नुहुन्छ भन्ने अपेक्षा लिएको छु।"



राँझा। स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले नागरिकलाई सहज रुपमा स्वास्थ्य सेवा प्रवाह गर्नु सरकारको पहिलो प्राथमिकता भएको बताउनुभएको छ। नेपालगञ्जस्थित भेरी अस्पतालको नवनिर्मित इन्डोर भवन र एमआरआइ सेवाको शुक्रबार उद्घाटन गर्दै उहाँले अहिलेको पहिलो विषय र ध्यानदृष्टि नागरिकलाई सहज रुपमा सेवा सुविधा दिने रहेको बताउनुभयो।

अस्पतालमा अहिले भएका स्रोत र साधनको अधिकतम प्रयोग गरेर सेवालाई प्रभावकारी बनाउन आग्रह गर्दै मन्त्री पौडेलले भन्नुभयो, "पहिलो विषय नागरिकलाई स्वास्थ्य सेवा प्रवाह गर्ने हो। अस्पताललाई थप गुणस्तरीय र आधुनिक बनाउन योजनाबद्ध रुपमा काम गर्दै जानेछौँ। यसमा सबैले सहयोग गर्नुहुन्छ भन्ने अपेक्षा लिएको छु।"अहिले रोग लागिरहेका नागरिकलाई कसरी स्वास्थ्य सेवा दिनेतर्फ बढी ध्यान दिनुपर्ने भन्दै निरोगी नेपाल बनाउन उपचार पद्धतिका साथै स्वस्थ जीवनशैलीका लागि आवश्यक सावधानी अपनाउन र चेतनाको विकास गर्नतर्फ पनि आफूले योजना बनाइरहेको मन्त्री पौडेलले उल्लेख गर्नुभयो।

"सरकारी अस्पतालले सेवा गर्न नसकेको होइन, आफ्नो सेवालाई प्रभावकारी बनाउन नसकेको मात्रै हो। त्यसका लागि व्यवस्थित तरिकाले काम गर्न जरुरी छ", मन्त्री पौडेलले भन्नुभयो, "गरिरहेको काममा अलि बढी योगदान गर्नुपर्ने अवस्था छ। अतिरिक्त समयमा काम गरेर भए पनि नागरिकलाई सेवा दिऔँ, त्यसबापतको गर्नुपर्ने सहयोग मन्त्रालयले गर्नेछ।" भेरी अस्पतालले आफूले सोचेभन्दा व्यवस्थित रुपमा सेवा प्रवाह गरेको पाए पनि अझै सुधार गर्नुपर्ने आवश्यकता रहेको उहाँले जोड दिनुभयो।

अनलाइनबाट बिरामी दर्ता गर्ने प्रणाली सञ्चालन गरेकामा प्रशंसा गर्दै स्वास्थ्यमन्त्री पौडेलले प्रयोगशालाको रिपोर्ट पनि अनलाइन सेवाबाटै नागरिकले पाउनेगरी व्यवस्था गर्न आग्रह गर्नुभयो। भेरी अस्पतालमा न्यूनतम दरबन्दी उपलब्ध गराई चिकित्सक र स्वास्थ्यकर्मी बढाइने आश्वासन दिँदै उहाँले भन्नुभयो, "अहिले भएको स्रोतसाधनलाई अधिकतम प्रयोग गरी सेवा दिनुहोस्, एमआरआइ र सिटीस्क्यानको सेवा नागरिकले पाउनुपर्छ, यो सेवा बाहिर गरेर उपचार गर्न भेरीमा आउनुस् भन्न मिल्दैन।"

सो अवसरमा भेरी अस्पतालका प्रमुख मेडिकल सुपेरिटेन्डेन्ट डा प्रकाश थापाले भेरी अस्पतालको अहिलेको अवस्था, समस्या र आगामी योजनाका बारेमा जानकारी गराउनुभएको थियो। स्वास्थ्य सचिव डा रोशन पोखरेलले सरकारी अस्पतालमा जनताको विश्वास बढ्दै गएको बताउँदै भेरी अस्पतालका आवश्यकता र समस्या समाधान गर्न मन्त्रालय सकारात्मक रहेको बताउनुभयो। अस्पताल विकास समिति अध्यक्ष वीरेन्द्र शाहको अध्यक्षतामा भएको कार्यक्रममा सङ्घीय सांसद दीपा शर्माले भेरी अस्पताल पश्चिम नेपालको लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशकै प्रेषण केन्द्रका रुपमा रहेकाले यसको स्रोतसाधन, दक्ष जनशक्ति र भौतिक पूर्वाधारमा मन्त्रालयले आवश्यक ध्यान दिनुपर्नेमा जोड दिनुभयो।रासस

# सामुदायिक विद्यालयले शैक्षिक गुणस्तर वृद्धि गर्नुपर्नेमा जोड



धरान। कोशी प्रदेश मुख्यमन्त्री हिक्मतकुमार कार्कीले सामुदायिक विद्यालयले शैक्षिक गुणस्तर वृद्धि गर्दै जानुपर्नेमा जोड दिनुभएको छ।

धरान उपमहानगरपालिका-१२ स्थित पब्लिक हाई स्कुलको ७८औँ वार्षिकोत्सवका अवसरमा शुक्रबार आयोजित कार्यक्रममा उहाँले सामुदायिक विद्यालयले शैक्षिकस्तर वृद्धि गरे नीजि क्षेत्रसँग प्रतिस्पर्धा गर्नसक्ने धारणा राख्नुभयो।शिक्षा क्षेत्रको समग्र विकास र सुधारका लागि स्थानीय, प्रदेश र सङ्घीय सरकारले समन्वय गरी नीति बनाएर कार्यान्वयन गर्नुपर्नेमा मुख्यमन्त्री कार्कीले जोड दिनुभयो। उहाँले शिक्षा क्षेत्रमा लागानी गर्नुपर्ने वृद्धि गनुपर्ने बताउँदै विद्यालयको विकास र शिक्षा सुधार गर्न प्रदेश सरकारले सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

विद्यालयको स्थापना दिवसको अवसरमा पब्लिक हाई स्कुलद्वारा प्रकाशित 'पीयूष' मुखपत्र छैठौँ अङ्कको विमोचन गरिएको थियो। कार्यक्रममा विद्यालयका प्राध्यापक डा इन्द्रमोहन झा, विद्यालय अभिभावक सङ्घका अध्यक्ष राजेन्द्र राईलगायत जनप्रतिनिधिको उपस्थिति थियो।रासस

# विधि र प्रक्रियाबाटै संविधान संशोधन हुन्छ: उपप्रधानमन्त्री सिंह

काठमाण्डु। उपप्रधान तथा सहरी विकासमन्त्री प्रकाशमान सिंहले विधिसम्मत ढङ्गले संविधान संशोधनको प्रक्रिया अगाडि बढाइने बताउनुभएको छ

तिसौँ विश्व आदिवासी दिवसका अवसरमा नेपाल आदिवासी जनजाति महासङ्घद्वारा



शुक्रबार यहाँ आयोजित कार्यक्रममा उहाँले संविधान संशोधन बहुमतको बलमा नभएर विधि प्रक्रियाबाट हुने र आदिवासी जनजातिको अधिकारलाई सम्बोधन गरिने स्पष्ट पार्नुभयो।

उहाँले समाजमा उठेका सवाल र असन्तुष्टिको सम्बोधन गर्नका लागि संविधान संशोधन गर्न लागिएको बताउनुभयो। "संविधानले संशोधनले प्राप्त अधिकार कटौती हुन्छ भन्ने गलत भाष्य बनाउने प्रयास भइरहेको छ, जुन गलत हो", उपप्रधानमन्त्री सिंहले भन्नुभयो, "हामीले लडेर ल्याएको सङ्घीयता, लोकतान्त्रिक गणतन्त्र र समावेशिताको पूर्ण कार्यान्वयनका लागि संशोधन महसुस गरिएको छ।"उहाँले प्राप्त अधिकारको रक्षा गर्दै थप अधिकार प्राप्ति तथा कार्यान्वयनका लागि एकजुट हुनसमेत आह्वान गर्नुभयो। "अधिकारलाई जीवन्त राख्नका लागि हामीले विगतको पृष्ठभूमिलाई बिर्सन हुँदैन, वर्तमानमा चित्त नबुझेका कुरा विधि र प्रक्रियाअनुसार राख्नुपर्छ।"

समारोहका महासङ्घका अध्यक्ष गेल्जे लामा शेर्पाले जलवायु परिवर्तन र ठूला विकासका परियोजनाका कारण आदिवासीहरु आफ्नो स्थानबाट विस्थापित हुन बाध्य भएको विषयमा सरकारको ध्यानाकर्षण गराउनुभयो। उहाँले शुभकामना व्यक्त गर्दै देशको ३६ प्रतिशत जनसङ्या रहेका आदिवासी जनजातिको संविधान प्रदत्त अधिकारको कार्यान्वयनको माग गर्नुभयो। उहाँले भाषा दशकलाई प्रभावकारी बनाउन र युवाको विदेश पलायन रोक्नका लागि समेत सरकारको ध्यानाकर्षण गराउनुभयो।

हरेक वर्ष अगस्ट ९ तारिखका दिन विश्व आदिवासी दिवस मनाइँदै आएको छ। विश्व आदिवासी दिवस आज नेपालमा पनि विभिन्न कार्यक्रम गरी मनाइएको छ। नेपालका आदिवासीले पनि जातीय, भाषिक, सांस्कृतिक तथा धार्मिक पहिचानलाई स्थापित गर्न यस दिवसलाई अवसरका रुपमा मनाउँदै आएका छन्।नेपाल प्रज्ञा-प्रतिष्ठानमा आयोजित समारोहमा शुक्रबार आदिवासी जनजातिका मातृभाषा, लोक भाकामा बनेका गीत, सांस्कृतिक झाँकी, स्थानीय र रैथाने प्रकृतिका आदिवासी जनजातीय कलाकृति सहितका प्रदर्शनी र विभिन्न जातिय भेषभुषा सहित परिक्रमा गरिएको थियो।रासस

# सञ्चारमन्त्री गुरुङद्वारा कार्यालयको निरीक्षण

गण्डकी। सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले शुक्रबार पोखरास्थित राष्ट्रिय समाचार समिति (रासस) गण्डकी प्रदेश कार्यालयको निरीक्षण गर्नुभएको छ।

"राससका नाममा देशभर रहेका जग्गालगायत भौतिक सम्पत्तिको सही सदुपयोग गर्ने गरी योजना बनाउनु आवश्यक छ", निरीक्षणका क्रममा उहाँले भन्नुभयो। मन्त्री गुरुङले राससको संस्थागत सुदृढीकरणमा मन्त्रालयको तहबाट सक्दो सहयोग गर्ने प्रतिबद्धता जनाउनुभयो। उहाँले पत्रकारको वृत्ति विकासमा पनि आफ्नो जोड रहने बताउनुभयो। "राससको प्रभावकारिता वृद्धिमा तपाईंहरुको ठाउँबाटइमान्दारीकासाथलाग्नुहोस्, मेरोतर्फबाट सकेको सहयोग गर्छु", मन्त्री गुरुङले भन्नुभयो।

निरीक्षणका क्रममा कार्यालय प्रमुख वासुदेव पौडेलले रासस प्रदेश कार्यालयको अवस्था र सेवाबारे मन्त्री गुरुङलाई जानकारी गराउनुभएको थियो। मन्त्री गुरुङसमक्ष उहाँले पोखरामा रासस प्रदेश कार्यालय भवन निर्माणमा सरकारको सहयोगको खाँचो औँल्याउनुभयो। सो अवसरमा मन्त्री गुरुङले राससको स्वामित्वमा रहेको जग्गाको स्थलगत निरीक्षणसमेत गर्नुभएको थियो। उहाँलाई प्रमुख पौडेललगायत राससकर्मीले कार्यालयमा स्वागत गरेका थिए।रासस

# जनसंख्याको आधारमा विद्यालय खोल्ने अनुमति दिने व्यवस्था गर्न सांसदको जोड

काठमाण्डु। प्रतिनिधिसभाका सांसदहरूले जनसंख्या, भूगोल र आवश्यकताका आधारमा मात्रै विद्यालय खोल्न दिनेगरी ' विद्यालय शिक्षा विधेयक, २०८० ' संशोधन गर्नुपर्नेमा जोड दिएका छन्।



प्रतिनिधिसभा, शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको शुक्रबारको बैठकमा विधेयकमाथि संशोधन प्रस्तुत गर्नुहुँदै सांसदहरूले आवश्यकता नै नभएको ठाउँमा विद्यालय खोल्न नहुनेमा जोड दिनुभयो। सांसद महेन्द्रबहादुर शाहीले भन्नुभयो, "मन लाग्यो भन्दैमा जहाँ पनि विद्यालय खोल्न दिने व्यवस्था गलत छ, विद्यालय खोल्नुभन्दा अगाडि यहाँको जनसंख्या, भूगोल, आवश्यकता हो वा होइन जस्ता कुरा अध्ययन गरेर मात्रै विद्यालय खोल्न दिनुपर्छ।"

उहाँले अध्ययन नै नगरिकन विद्यालय खोल्न दिँदा एउटा पाँच कक्षासम्मको विद्यालयमा विद्यार्थी आठजना र शिक्षक १० जना हुने गरेको पाइएको तथ्य प्रस्तुत गर्नुभयो। शिक्षकको सेवा र सुविधामा मात्रै छलफल गर्नेभन्दा पनि संविधान र सङ्घीयताको मूल मर्मअनुरूप नै विधेयकलाई अगाडि बढाउनुपर्ने उहाँको भनाइ छ।

सांसद प्रेमबहादुर महर्जनले विधेयकमा उल्लेखित अभिभावकसम्बन्धी व्यवस्थामा विद्यार्थीको हजुरबुबा र हजुरआमालाई पनि अभिभावक मान्नुपर्ने गरी विधेयकलाई संशोधन गर्न जरूरी रहेको बताउनुभयो। उहाँले विद्यालयलाई अपाङ्गतामैत्री बनाउनका लागि न्यून दृष्टि भएकालगायत व्यक्तिको अध्यापनका लागि छुट्टै शिक्षकको व्यवस्था गर्ने गरी विधेयक संशोधन गर्नुपर्ने माग गर्नुभयो। सांसद भगवती चौधरीले हरेक सामुदायिक र निजी विद्यालयमा शिशु स्याहारको अनिवार्य व्यवस्था गर्नुपर्ने धारणा राख्नुभयो।

सांसदहरूले समान शिक्षाका लागि अपाङ्गता भएका विद्यार्थीका लागि राज्यले छुट्टै लगानी गर्नुपर्ने, विशेषगरी सामुदायिक विद्यालयको गुणस्तर, स्तरोन्नति गर्ने गरी विधेयक ल्याउनुपर्ने माग गर्दै आएका छन्। यसैगरी विद्यालयस्तरमा मातृभाषा अध्ययनका लागि छुट्टै शिक्षकको व्यवस्था गर्नेगरी विधेयक संशोधन गर्नुपर्ने, विद्यालयमा अध्यापन गराउने शिक्षक राजनीतिमा संलग्न हुन नपाउने, विद्यालयमा प्राध्यापक, उपप्रध्यापक नियुक्ति, सञ्चालक समिति वा अन्य कुनै पनि नियुक्तिमा राजनीतिकरण गर्न नहुने विधेयकमाथि संशोधन राख्नुहुने सांसदहरूले माग गर्नुभएको छ।

विद्यालय शिक्षाको राष्ट्रिय मानक तथा मापदण्ड निर्धारण तथा विद्यालय शिक्षाका मूलभूत विषयमा समता, एकरूपता र गुणस्तर कायम गरी विद्यालयको स्थापना र सञ्चालनसम्बन्धी विषयलाई व्यवस्थित गर्न विद्यालय शिक्षासँग सम्बन्धित प्रचलित कानुनलाई संशोधन र एकीकरण गर्ने उद्देश्यले सो विधेयक ल्याइएको हो। विधेयक समितिमा छलफलका क्रममा रहेको छ।रासस

# मन्त्री भण्डारीद्वारा विशाखापट्टनम पोर्टको अनुगमन


काठमाण्डु। उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले भारतको आन्ध्र प्रदेशस्थित विशाखापट्टनम पोर्टको शुक्रबार अनुगमन गर्नुभएको छ। उहाँले अनुगमनका क्रममा त्यहाँका आयात नियमन गर्ने पोर्टका आधिकारिक व्यक्ति र शिपिङ कम्पनीसँग अन्तरक्रियासमेत गर्नुभएको मन्त्रीको सचिवालयले जनाएको छ।



त्यस अवसरमा मन्त्री भण्डारीले आयात तथा निर्यातकर्तासँग नेपाल आयात हुने वस्तु तथा सेवा र निर्यातका पक्षबारे छलफल गर्नुभएको थियो। उहाँलाई आयात तथा निर्यातकर्ताले नेपाल सरकारले गर्नुपर्ने आवश्यक सहायताका विषयमा ध्यानाकर्षण गराउनुभयो।

मन्त्री भण्डारीले आयात तथा निर्यातमा नेपाल सरकारका तर्फबाट हुने आवश्यक सहयोग गर्ने प्रतिबद्धता जनाउँदै भारत सरकारसँग पनि आवश्यक सहयोगका लागि पहल गर्ने बताउनुभयो।मन्त्री भण्डारीले सो क्रममा नेपालको आयात तथा निर्यातमा सघाउन स्थानीय आयात तथा निर्यातकर्तासँग आग्रह गर्नुभयो। उहाँलाई पोर्टका कर्मचारीले नेपालको आयात निर्यातबारे जानकारी गराएका थिए। सो क्रममा मन्त्री भण्डारीलाई त्यहाँका प्रतिनिधिले व्यापारिक समस्याबारे जानकारी गराएको थियो।रासस

# सुदूरपश्चिम प्रदेशसभाको अधिवेशन आह्वान



सुदूरपश्चिम। सुदूरपश्चिम प्रदेशका प्रमुख नजिर मियाँले यही साउन २७ गते अपरान्ह २ बजे प्रदेशसभाको पाँचौ अधिवेशन आह्वान गर्नुभएको छ। प्रदेश सरकार मन्त्रिपरिषद्को सिफारिसमा नेपालको संविधानको धारा १८३ को उपधारा (१)बमोजिम प्रदेश प्रमुखले शुक्रबार प्रदेशसभाको पाँचौ अधिवेशन आह्वान गर्नुभएको प्रदेशसभा सचिवालयले जनाएको छ। सरकारले दुई दिनअघि मात्रै प्रदेशसभाको चालु चौथो अधिवेशन अन्त्य गरेर बिहीवार राजश्व सङ्कलन सम्बन्धी अध्यादेश ल्याएको थियो। उक्त अध्यादेश प्रदेश प्रमुखबाट बिहीवार नै प्रमाणीकरण भइसकेको छ।

अध्यादेश प्रमाणीकरणसँगै आर्थिक वर्ष २०८१/८२को बजेट पारित हुन नसकेर रोकिएको प्रदेश सरकारको कर सङ्कलन सम्बन्धी काम अगाडि बढेको छ। बजेट पारित हुन नसकेर प्रदेश सरकार मातहतका कार्यालयको कर सङ्कलन लगाएतको काम ठप्प भएको थियो। तत्कालीन मुख्यमन्त्री दीर्घबहादुर सोडारी नेतृत्वको सरकार अल्पमतमा परेपछि प्रदेशसभामा असार १गते प्रस्तुत बजेट पारित हुन नसकेर अलपत्र परेको थियो। सरकारले अध्यादेश जारीगरी कर सङ्कलनको वातावारण बनाएपनि बजेट शून्यताको अवस्था भने अझैं अन्त्य भएको छैन। मुख्यमन्त्रीले प्रदेशसभाबाट विश्वासको मत लिइसकेपछि बजेटका विषयमा कारवाही अघि बढाउने तयारी गर्नुभएको छ। त्रिपन्न सदस्यीय सुदूरपश्चिम प्रदेशसभामा नेपाली काँग्रेसका १८,नेकपा (एमाले) का११,नेकपा (माओवादी केन्द्र)का सभामुख वाहेक१०,नागरिक उन्मुक्ति पार्टीका सात,नेकपा (एकीकृत समाजवादी)का चार,राप्रपाका एक र एक स्वतन्त्र सदस्यको प्रतिनिधित्व छ।रासस

# विधेयकका त्रुटि सच्च्याउन निगरानी समितिको आग्रह

काठमाण्डु। जवाफदेहिता निगरानी समितिले सङ्क्रमणकालीन न्यायसम्बन्धी विधेयकमा भएका त्रुटि सच्च्याएर पारित गर्न आग्रह गरेको छ।

समितिका संयोजक राजुप्रसाद चापागाईँले शुक्रबार जारी गरेको प्रेस विज्ञप्तिमा सङ्क्रमणकालीन न्याय प्रक्रियालाई टुङ्गोमा पुऱ्याउन तीन प्रमुख दल एक ठाउँमा उभिनु सकारात्मक भएपनि विधयकका केही त्रुटि सच्च्याउनुपर्नेमा जोड दिइएको कानुन, न्याय तथा मानवअधिकार समितिले उल्लङ्घनको परिभाषा र वर्गीकरण तथा सजाय घटाई अभियोजनलगायत विषय संशोधन गर्नुपर्ने समितिको माग छ।

अपराधको गाम्भीर्य बढाउने र घटाउने अवस्थाको स्वतन्त्र न्यायिक मूल्याङ्कन गरी सजाय निर्धारण गर्न सक्ने अधिकार अदालतलाई दिने गरी विधेयकमा भएको व्यवस्थालाई समितिले तोडमोड गरेको समितिले जनाएको छ।सङ्क्रमणकालीन न्याय प्रक्रियालाई सहज रुपमा टुङ्ग्याउन यसप्रति चासो राख्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समूहलाई सघाउन निगरानी समितिले आग्रह गरेको छ।रासस

# यूकेमा उग्रदक्षिणपन्थीले फैलाएको दङ्गा जबाफी प्रदर्शनले रोक्ला

वीवीसी

काठमाण्डु । यूकेमा हजारौँ मानिसहरू आप्रवासीविरोधी प्रदर्शनको थप लहर रोक्नका लागि भन्दै जबाफी प्रदर्शन गर्न थालेका छन्।गत साताको सुरुतिरदेखि यूकेका कैयौँ सहर र नगरमा आप्रवासी तथा मुस्लिमलक्षित दङ्गा फैलिरहेको छ।

उत्तरपश्चिम इङ्ल्यान्डको साउथपोर्टमा तीन बालिकाहरूको ज्यान जाने गरी छुरा प्रहार भएको घटनापछि हिंसाले उग्र रूप लिएको थियो।उक्त हमलालगत्तै सामाजिक सञ्जालमा गलत ढङ्गले सन्दिग्ध हमलाकारी एक जना शरण माग्ने प्रक्रियामा रहेका व्यक्ति भएको भन्दै हल्ला फैलाइएको थियो। फैलाइएका ती अफवाहमा गलत नामका साथ ती सन्दिग्ध व्यक्ति सन् २०२३ मा डुङ्गामा चढेर यूके आएको भनिएको थियो। त्यसमा आधारहीन ढङ्गले ती व्यक्ति मुस्लिम रहेको हल्ला चलाइएको थियो।

त्यससँगै यो शृंखला यूकेमा एक दशकभन्दा बढी समयमा फैलिएको सबैभन्दा खराब अस्तव्यस्तता बनेको छ।तर बुधवार जबाफी प्रदर्शनका कारण कमै मात्र संख्यामा उग्रदक्षिणपन्थी प्रदर्शनकारीहरू आफूहरूले योजना बनाएका ठाउँमा भेला हुन सकेका थिए। जबाफी प्रदर्शनहरू लन्डनका कैयौँ भागका साथै ब्राइटन, ब्रिस्टल, ह्यास्टिङ्स र लिभरपूलमा भएका थिए।

उग्रदक्षिणपन्थीहरूको प्रदर्शन रोक्न भएका ती कार्यक्रममा जातीय भेदभावविरोधी समूह, वामपन्थी झुकाव



भएका संस्था र व्यावसायिक सङ्गठनहरूका साथै सर्वसाधारणहरू सहभागी थिए।उत्तरपूर्वी लन्डनस्थित वाल्थम्स्टोमा एक हजारभन्दा धेरै मानिसहरू जम्मा भएका थिए।तीमध्ये धेरैले बोकेका प्ल्याकार्डमा “यहाँ घृणालाई स्वागत छैन”, “उग्रदक्षिणपन्थीलाई रोकौँ” र “शरणार्थीलाई स्वागत” लेखिएका थिए। त्यसमा मुस्लिम बासिन्दाहरू समेत थिए। दक्षिणपन्थी समूहहरूले साउथपोर्ट घटनाका हमलाकारी शरण लिने प्रक्रियामा रहेका एक जना मुस्लिम व्यक्ति रहेको भन्दै प्रदर्शनका क्रममा मस्जिदहरूमा हमला गरेका थिए।

तर प्रहरीले ती सन्दिग्ध ब्रिटेनमा जन्मिएका र उनका अभिभावक रुआन्डाका रहेको जनाएको छ।एक जना प्रदर्शनकारी फ्र्याङ्क मेरिटले भने, “हामी यहाँ विविधताको समर्थन र बदमासहरूविरुद्ध शक्ति प्रदर्शनका लागि छौँ।“बुधवार राति यूकेका सयौँ ठाउँमा दक्षिणपन्थी समूहहरूले प्रदर्शन गर्ने विवरणमाझ ती जबाफी प्रदर्शनहरू आयोजना गरिएका थिए।दक्षिण पूर्वी इङ्ल्यान्डको ब्रिस्टलमा जबाफी प्रदर्शनमा उत्रिएका झन्डै १,५०० मानिसहरूले आप्रवासन कानुनमा विज्ञता रहेका मानिएका अधिवक्ताका कार्यालयहरू सुरक्षित पारेका थिए।

ती ठाउँलाई उग्रदक्षिणपन्थी प्रदर्शनकारीहरूले निसानामा पार्ने योजना बनाइएको सुनेपछि उनीहरूले त्यसो गरेका थिए। गाम्बियाबाट आएका एक जना पुरुष हबिबले ब्रिस्टल “एउटा निकै जीवन्त र स्वागतापेक्षी सहर” रहेको बताउँछन्।

“ब्रिस्टलका मानिसहरूले कसैलाई सहरमा भद्रगोल मच्चाउन दिँदैनन्। त्यसैले मैले आज साँझ जे हुन गइरहेको छ, त्यो रोक्नका लागि ब्रिस्टलबासीहरूलाई साथ दिन गइरहेको छु।”उक्त सहरमा गत सप्ताहान्तमा उग्रदक्षिणपन्थीहरूले हिंसक अव्यवस्था सिर्जना गराए तापनि बुधवार केही सीमित मानिस जम्मा भएका थिए।

ब्राइटनमा झन्डै २,००० को संख्यामा भेला भएका जबाफी प्रदर्शनकारीहरूले नाराबाजी गर्ने क्रममा “नाजीहरू, हाम्रो सडक छाड“ भनेका थिए।केही आप्रवासनविरोधी प्रदर्शनकारीहरू प्रहरीपछाडि आड लिन बाध्य भएका देखिन्थे। यूकेका सहर र नगर हरूमा व्यवसायीहरूले आप्रवासनविरोधी प्रदर्शनबाट क्षति र लुटपाट हुनसक्ने भयले आफ्ना झ्यालढोका बन्द गरेर बसेका छन्। केही ठाउँमा बिहीवार बिहान बोर्डहरू हटाइएका छन्।

लन्डनका महानगर प्रहरी प्रमुखले “समुदायहरूले देखाएको एकताको प्रदर्शन“को प्रशंसा गर्ने क्रममा थप उग्रदक्षिणपन्थीहरूका थप हिंसक प्रदर्शनको त्रास “कम भएको“ बताएका छन्।यूकेको यस सङ्कटसँग जुझ्नका लागि प्रहरीले ६,००० विशेषज्ञ अधिकृतहरूको एउटा “स्ट्यान्डिङ आर्मी“ तयार पारेको छ। प्रहरी र राजनीतिज्ञहरूले सजगतापूर्वक बुधवार साँझको शान्त परिवेशलाई स्वागत गरे तापनि अर्को सप्ताहान्तमा थप उग्रदक्षिणपन्थी प्रदर्शनको तयारी भइराखेका छन्।

# पेरिस ओलम्पिक : अमेरिका ३० स्वर्णसहित शीर्ष स्थानमा



एएफपी

पेरिस । बिहीबारसम्मको विभिन्न स्पर्धापछि पेरिस ओलम्पिक खेलमा अमेरिका ३० स्वर्ण, ३८ रजत र ३५ कास्यसहित सबैभन्दा बढी १०३ पदकसहित अङ्क तालिकामा शीर्ष स्थानमा रहेको छ । चीन, अष्ट्रेलिया, फ्रान्स, बेलायत, दक्षिण कोरिया, जापान, नेदरल्याण्ड, इटाली र जर्मनी क्रमशः शीर्ष १० स्थानमा रहेका छन् ।

दोस्रोमा चीनले २९ स्वर्ण, २५ रजत र १९ कास्यसहित कुल ७३ पदक हात पारेको छ भने अष्ट्रेलियाले १८ स्वर्ण, १४ रजत र १३ कास्य पदकसहित कुल ४५ पदक जित्दै अहिलेसम्मको पदक तालिकामा तेस्रो स्थान हासिल गरेको छ ।

त्यसैगरी, चौथो स्थानमा रहेको फ्रान्सले १४ स्वर्ण, १९ रजत र २१ कास्यसहित ५४ पदक जितेको छ भने पाँचौं स्थानमा बेलायतले १३ स्वर्ण, १७ रजत र २१ कास्यसहित कुल ५१ पदक जितेको छ ।

पदक तालिकामा छैटौं स्थानमा रहेको दक्षिण कोरियाले १३ स्वर्ण, आठ रजत र सात कास्यसहित कुल २८ पदक जितेको छ भने जापान १३ स्वर्ण, सात रजत र १३ कास्यसहित ३३ पदक जित्दै सातौं स्थानमा रहन सफल भएको छ । आठौं स्थानमा रहेको नेदरलयान्ड्सले ११ स्वर्ण, छ रजत र आठ कास्यसहित कुल २५ पदक जितेको छ भने इटाली १० स्वर्ण, ११ रजत र नौ कास्यसहित कुल ३० पदक जित्दै नवौं स्थानमा छ । जर्मनी नौ स्वर्ण, आठ रजत र पाँच कास्यसहित कुल २२ पदक जितेर शीर्ष दशमध्ये अन्तिम स्थानमा रहेको छ ।

## भारतः शीर्ष विपक्षी नेता मनिष सिसोदियालाई जमानत

एएफपी

नयाँदिल्ली । भारतको सर्वोच्च अदालतले आम आदमी पार्टी (आप) का एक शीर्ष विपक्षी नेता मनिष सिसोदियालाई शुक्रबार जमानत दिएको छ । उहाँ भ्रष्टाचारको आरोपमा चलेको अनुसन्धानका क्रममा गत वर्षदेखि हिरासतमा रहनुभएको छ ।

केजरीवालको नेतृत्वमा रहेको दिल्ली सरकारले सन् २०२१ मा मदिरा बिक्रीलाई उदारीकरण गर्दा भ्रष्टाचारको आरोप लागेको थियो । उक्त उदारीकरणको नीतिले निजी फर्महरू र उद्यम कम्पनीहरूलाई खुद्रा मदिरा कारोबारका लागि अनुमति दिएको थियो तर धेरै विवादित बनेपछि अर्को वर्ष राज्य सरकारले यसलाई फिर्ता लिएको थियो । तर, मोदी सरकारले लाइसेन्सको भ्रष्ट बाँडफाँडको विषयमा गरेको बहु-पक्षीय अनुसन्धानले केजरीवाल र उहाँका सहयोगीहरूलाई सताइरहेको छ ।दिल्लीका उपमुख्यमन्त्रीसमेत रहनुभएका ५२ वर्षीय सिसोदिया मदीराको बिक्रीका लागि स्वीकृति दिँदा घूस लिएको आरोप लागेका विपक्षी आम आदमी पार्टी (आप) का कैयौँ नेतामध्ये एक हुनुहुन्छ ।

पार्टीका प्रमुख तथा दिल्लीका मुख्यमन्त्री अरविन्द केजरीवाल गत मार्चदेखि यही अभियोगमा जेलमा हुनुहुन्छ । उहाँलाई निर्वाचनका समय प्रचारप्रसारका लागि भनी केही समयका लागि मात्र रिहा गरिएको थियो । दुवै नेताले उहाँहरूमाथि



लगाइएको अभियोग राजनीतिक पूर्वाग्रहका कारण प्रतिशोधस्वरूप गरिएको ‘राजनीतिक षडयन्त्र’ भएको भन्दै आरोपको खण्डन गर्दै आएका छन् । जमानतको घोषणा गर्दै न्यायाधीश भूषण रामकृष्ण गवईले भन्नुभयो, “सिसोदियाको समाजमा गहिरो प्रभाव छ र उहाँ भाग्न सक्नुहुन्न ।”

गवईले सिसोदियालाई ‘शीघ्र सुनुवाइको पवित्र अधिकार’ बाट ‘ बञ्चित’ गरिएको बताउनुभएको छ । आम आदमी पार्टीका नेताहरूले यो आदेश पार्टीका लागि ‘ठूलो विजय’ भएको र उनीहरूले उनी शुक्रबार जेलबाट रिहा हुने अपेक्षा गरेका छन् ।“यो सरकारी एकाधिकारमाथिको कडा थप्पड हो,’ आम आदमी पार्टीका सांसद सञ्जय सिंहले जमानत दिने अदालतको फैसलाबारे प्रतिक्रिया दिँदै भन्नुभयो । उहाँले जमानत पाउनुअघि सोही मुद्दामा यसपहिले छ महिना जेल सजाय भोग्नुभएको थियो ।

# युद्धविराम वार्ता पुनः सुरु गर्न इजरायल सहमत



एएफपी

गाजा क्षेत्र । विश्वव्यापी आग्रह र अमेरिका, कतार र इजिप्टका मध्यस्थकर्ताहरूको अनुरोधमा अगष्ट १५ देखि गाजा युद्धविराम वार्ता पुनः सुरु गर्न इजरायल सहमत भएको प्रधानमन्त्री बेन्जामिन नेतान्याहुको कार्यालयले जनाएको छ ।

गाजास्थित हमास नियन्त्रित नागरिक सुरक्षा निकायले दुई वटा विद्यालयमा गरिएको इजरायली आक्रमणमा बिहीबार पनि १८ जनाभन्दा बढीको मृत्यु भएको जनाएको छ । नोभेम्बरमा एक हप्ता लामो युद्ध विरामपछि मध्यस्थकर्ताहरूले युद्ध अन्त्य र शान्ति स्थापनाका लागि दोस्रो युद्धविरामको प्रयास गरेका छन् ।बिहीबार संयुक्त वक्तव्य जारी गर्दै तीन देशका नेताहरूले युद्धरत पक्षहरूलाई अगस्ट १५ मा दोहा वा कायरोमा पुनः वार्ता गरी सम्झौताको प्रभावकारी कार्यान्वयन गर्न अनुरोध गरेका छन् ।

मध्यस्थकर्ताहरूले सम्झौता ढाँचा प्रस्तुत गरिसकिएको जनाउँदै कार्यान्वयनका लागि सहमतिको विवरणसहित निष्कर्षमा पुग्न बाँकी रहेको उल्लेख गरेका छन् । नेतान्याहुको कार्यालयले इजरायलले अगस्ट १५ मा सम्झौता कार्यान्वयनको विवरण तयार गर्न तोकिएको स्थानमा वार्ता टोली पठाउने जनाएको छ ।गाजामा बन्दी बनाइएकाहरूको रिहाइ र सहायता वितरणलगायतका विषयमा चरणबद्धरूपमा छलफल गर्ने बिषयमा युद्धविराम सम्झौता केन्द्रित हुनेछ ।

यो युद्धविरामसम्बन्धी छलफल अमेरिकी राष्ट्रपति जो बाइडेनको प्रस्तावित ढाँचामा केन्द्रित रहेको जनाइएको छ जुन ढाँचा इजरायली प्रस्तावमा तयार भएको हो ।अधिकारीले नाम उल्लेख नगर्ने सर्तमा नेतान्याहूले सम्झौतामा रोक लगाएको सुझावलाई अस्वीकार गर्दै पत्रकार हरूलाई इजरायल यद्धविराम वार्ताप्रति पुर्वाग्रही रहेको जानकारी दिएका छन् । वार्ताको घोषणा हनियाको मृत्युपछि हमासले इजरायल आक्रमणका प्रमुख योजनाकार याह्या सिनवारलाई नयाँ नेताको रूपमा नियुक्त गरेपछि आएको हो ।

# आगामी साता बाइडेन र ह्यारिसले अभियानलाई संयुक्तरूपमा नेतृत्व गर्दै

एएफपी

रेहोबोथ बिच । अमेरिकी राष्ट्रपति जो बाइडेनले राष्ट्रपतीय निर्वाचनबाट बाहिरिने घोषणापछि पहिलोपटक उहाँ र उपराष्ट्रपति तथा डेमोक्र्याटिक पार्टीका उम्मेदवार कमला ह्यारिसले आगामी साता आफ्नो दलको चुनावी अभियानको संयुक्त नेतृत्व गर्नुहुने भएको छ ।

नोभेम्बरमा हुने अमेरिकी राष्ट्रपतीय निर्वाचनबाट रिपब्लिकन नेता ट्रम्पविरूद्धको प्रतिस्पर्धाबाट पछि हट्ने निर्णयपछि बाइडेनको यो पहिलो चुनावी सम्बोधन हुनेछ । आफ्नो कार्यकालको अन्तिम महिनाहरूमा आफ्नो विरासतलाई जोगाउन र नयाँ डेमोक्र्याटिक उम्मेदवारलाई जिताउने अभियानमा राष्ट्रपति बाइडेनले अगस्ट १५ मा वासिङ्टन नजिकै मेरिल्याण्ड राज्यमा आयोजना हुने कार्यक्रममा उपराष्ट्रपतिको साथमा उपस्थित भएर समर्थकलाई हौसला प्रदान गर्ने घोषणा गर्नुभएको हो ।

ह्वाइट हाउसले शुक्रबार जारी गरेको विज्ञप्तिमा भनिएको छ, “नेता द्वयले अमेरिकी जनताका लागि लागत घटाउन गरिरहेको कार्यक्रमलाई अभियानका क्रममा समर्थकमाझ सार्वजनिक गर्नुहुनेछ ।” अमेरिकाको मुद्रास्फीति कमजोर भएको अवस्थामा नोभेम्बरमा हुने चुनावमा आफ्नो एजेन्डालाई



कसरी अघि प्रस्तुत गर्नुहुनेछ यो अमेरिकी मतदाताले हेरिरहेको गम्भीर बिषय हो । बाइडेनले आफ्नो उमेर र मानसिक तीक्ष्णताको बारेमा चिन्ता व्यक्त गरिएको ट्रम्पविरुद्धको कमजोर बहसपछि पदबाट राजीनामा दिने घोषणा गर्नुभएको थियो ।

अमेरिकी इतिहासमा पहिलो महिला, अश्वेत र दक्षिण एसियाली मुलकी उपराष्ट्रपतिले भव्य जुलुशहरूको एकपछि अर्को शृंखला प्रदर्शन गर्न सफल हुनुभएको छ । अभियानमा बढ्दो सहभागिता, अत्यधिक चन्दा सङ्कलनसँगै ह्यारिसले रिपब्लिकन पार्टीका तर्फबाट अमेरिकालाई एक पटक राजनीतिक नेतृत्व दिइसकेका पूर्वराष्ट्रपति ट्रम्पको चुनावी अग्रतामा चुनौती खडा गरिसक्नुभएको छ ।

डेलावेयरस्थित आफ्नो घरमा लामो विदा बिताइरहेका राष्ट्रपति बाइडेनले अगस्ट १९ देखि सिकागोमा सुरु हुने डेमोक्र्याटिक पार्टीको राष्ट्रिय सम्मेलनसम्म ह्यारिसको समर्थनमा कुनै ठूलो राजनीतिक उपस्थिति जनाउने अपेक्षा गरिएको थिएन । तर, अमेरिकी राजनीतिमा झण्डै पाँच दशक लामो करियरबाट बाहिरिने तयारीमा रहेका डेमोक्र्याट बाइडेन आफ्नो विरासतलाई अगाडि बढाउन इच्छुक रहेको सङ्केत अभियानमा सहभागी हुने पछिल्लो घोषणाबाट पनि देखिएको छ । यसको एउटा हिस्सा उनको प्रतिद्वन्द्वी र सन् २०२० को चुनावमा उनले पराजित गरेका व्यक्ति ट्रम्पविरुद्ध ह्यारिसको विजय सुनिश्चित गर्न हरसम्भव प्रयास गर्नु हो ।गत हप्ता बाइडेनले अमेरिकी पत्रकार इभान गेर्शकोभिच र अन्य बन्दीहरूलाई स्वागत गर्दा बाइडेनको पक्षमा ह्यारिसको उपस्थिति निकै स्पष्ट देखिएको थियो ।

समाचार संस्था पोलिटिकोका अनुसार ह्यारिस अब पेन्सिलभेनिया र मिशिगनजस्ता निर्वाचनमा अति प्रतिस्पर्धा हुने राज्यहरूमा बाइडेनलाई मिलेको समर्थनलाई सुरक्षित गर्न चाहनुहुन्छ । ती क्षेत्रमा अहिले पनि विशेष गरी पाका श्वेत मतदाताहरूसँग बाइडेनको लोकप्रियता बढी रहेको छ । बाइडेनले आफूप्रतिको लोकप्रिय मत प्रभावित हुनबाट रोक्नुहुनेछ र नोभेम्बरले यस पहिलेको उहाँप्रतिको मोहलाई सर्लक्कै ह्यारिसमा सार्ने प्रयास गर्नुहुनेछ ।

# इरानको निकट मानिने सिरियाली समूहको आक्रमणमा ११ जनाको मृत्यु

एएफपी

बेरुत । सिरियाली सरकार पक्षधर र इरान निकट एक समूहले गराएको बम विस्फोटमा परी सिरियाको कुर्दिश सेना नियन्त्रित पूर्वी गाउँमा ११ जना सर्वसाधारणको मृत्यु भएको शुक्रबार युद्ध अनुगमनकारी समूहले जनाएको छ । सिरियन अब्जर्भेटरी फर ह्युमन राइट्सका अनुसार देइर एजोर प्रान्तको डहलामा भएको ब्र बिस्पोटमा परी छ जना बालबालिकासहित कम्तीमा ११ जनाको मृत्यु भएको छ । समूहका अनुसार इरान समर्थक लडाकुहरूले कुर्दिशको कब्जामा



रहेका क्षेत्रहरूमा आक्रमण गरेपछि बुधबार लडाइँ सुरु भएको थियो ।

कुर्दिशहरूको निकट सिरियन डेमोक्र्याटिक फोर्सले पनि लडाँइमा अधिकांश महिला तथा बालबालिकासहित ११ जना सर्वसाधारण मारिएको पुष्टि गरेको छ ।अमेरिकाको समर्थनप्राप्त सिरियाली समूह (एसडीएफ) ले सन् २०१९ मा सिरियामा इस्लामिक स्टेट जिहादी समूहको स्वघोषित इस्लामिक राज्यलाई पराजित गर्ने आक्रमणको नेतृत्व गरेको थियो ।इराकको सिमाना क्षेत्र देइर एजोर प्रान्त युफ्रेटिस नदीद्वारा विभाजित छ जहाँ दर्जनौं स्थानीय आदिवासीको घर छ ।

इरानले एक दशकभन्दा लामो गृहयुद्धमा सिरियाली राष्ट्रपति बसर अल असदको सेनालाई सैन्य सहयोग गरेको छ ।हाल जिहादी विरोधी गठबन्धनको हिस्साका रूपमा संयुक्त राज्य अमेरिकाका करिब ९०० सैनिक सिरियामा छन् ।सन् २०११ मा सरकार विरोधी प्रदर्शन सुरु भएदेख सुरू भएको सिरियाली गृहयुद्धले पाँच लाखभन्दा बढी मानिसहरूको ज्यान लिनुका साथै लाखौंलाई विस्थापित गरेको छ ।

# जापानका प्रधानमन्त्री किशिदाद्वारा विदेश भ्रमण रद्द

एएफपी

टोकियो । जापानमा सम्भावित ‘महाभुकम्प’को पूर्वतयारी गर्नुपर्ने भूगर्वविद्ले चेतावनी दिएपछि जापानका प्रधानमन्त्री फुमियो किशिदाले शुक्रबार मध्य एसियाको भ्रमण रद्द गर्नुभएको छ ।

जापानको दक्षिणी क्षेत्रमा ७.१ म्याग्निच्यूडको भूकम्पका कारण बिहीबार आठ जना घाइते भएपछि जापानको मौसम विज्ञान निकाय (जेएमए) ले बिहीबार परामर्श जारी गरेको हो ।किशिदाले शुक्रबारदेखि कजाकिस्तान, उज्बेकिस्तान र मङ्गोलियाको भ्रमण गर्ने कार्यक्रम थियो । उहाँले क्षेत्रीय शिखर सम्मेलनमा पनि भाग लिने कार्यक्रम तय भएको थियो । “प्रधानमन्त्रीको हैसियतमा सङ्कट व्यवस्थापनको सर्वोच्च जिम्मेवारी भएकोले मैले कम्तीमा एक हप्ता जापानमा नै रहने निर्णय गरेँ,” उहाँले भन्नुभयो ।

किशिदाले सन् २०११ मा गएको ९.० म्याग्निच्युडको शक्तिशाली भूकम्पपछि जापानको मौसम पुर्वानुमान निकायले तयार पारेको नयाँ



प्रणालीअन्तर्गत पहिलो परामर्श जारी गरेपछि जनता निकै चिन्तित भएको हुनसक्ने र यस्तो अवस्थामा विदेश जानु राम्रो नहुने निश्कर्षमा पुगेको बताउनुभएको छ ।रासस

# जङ्गली रातो च्याउको माग सहरदेखि विदेशसम्म

गलेश्वर । यहाँको मालिका गाउँपालिका-५ देवीस्थानका रेशम बूढामगर हिजोआज जङ्गलमा रातो च्याउ खोज्नमा व्यस्त हुनुहुन्छ ।

बर्खायाम सुरु भएपछि पश्चिम म्याग्दीको मालिका गाउँपालिका-२ रुमकी देविकला घर्तीको परिवारका सदस्यहरु च्याउ खोज्न जङ्गलमै दिन बिताउने गर्छन् । ओसिलो जङ्गलका पुराना रुख र ठुटामा पाइने रातो च्याउ खोज्न रेशम र देवीकला मात्रै होइनन्, साउन दोस्रो सातादेखि पश्चिम म्याग्दीका रुम, दिच्याम, मुना, मुदी, लुलाङ, गुर्जा, देवीस्थान, विमलगायतका गाउँका स्थानीयवासी व्यस्त छन् ।गाउँको होमस्टेदेखि सहरका तारे होटेल र विदेशसमेत रातो च्याउको माग भएकाले महङ्गोमा बिक्री हुने गर्छ । रातो च्याउको मूल्य यस वर्ष आलो प्रतिकिलो रु दुईहजार र सुकाएको रु पाँच हजारसम्ममा बिक्रि हुने गरेको छ ।

जिल्लाको धवलागिरि, मालिका, रघुगङ्गा र मङ्गला गाउँपालिकाको अधिकांश जङ्गलमा रातो च्याउ पाइन्छ । जङ्गलमा जोखिम मोलेर रातो च्याउ टिपेर ल्याउनुपर्ने भएकाले यसको मूल्य महङ्गो भएको रुमकी देविकला घर्तीले बताउनुभयो ।

प्रोटिन र भिटामिनका लागिसमेत राम्रो मानिने जङ्गली रातो च्याउ म्याग्दीका ग्रामीण वस्तीमा पुग्ने जो कोहीले रुचाउने परिकार हो । घरबासमा आउने अधिकांशले रुचाउने परिकारमध्ये रातो च्याउ भएको मुना घरबासका



सञ्चालक राधिका भण्डारीले बताउनुभयो ।"घरवासमा आउने जो कोहीले खान र कोशेलीका लागि रातो च्याउ खोज्ने गर्छन्", भण्डारीले भन्नुभयो, "पाहुनाले युरोप अमेरिकासमेत कोशेलीका लागि यही च्याउ किनेर लैजाने गरेका छन् ।"गत सालसम्म प्रति किलो रु आठ सयदेखि रु एक हजारसम्ममा बिक्रि भएको रातो च्याउको मूल्य यस वर्ष रु दुई हजार पुगेको छ । सुकाएको रातो च्याउ आलोको तुलनामा महङ्गो भएको व्यापारी जगमाया पुन मगरले बताउनुभयो ।

हालसम्म रातो च्याउको व्यावसायिक बजारीकरण नभएको रुमका स्थानीयवासी टेकबहादुर घर्तीले बताउनुभयो ।

जङ्गलमा भर्खरै पलाएको च्याउ टिप्न थालेपछि उत्पादन घट्न थालेको र मूल्य वृद्धि भएको घर्तीको भनाइ छ । रातो च्याउ सुकाएपछि लामो समयसम्म भण्डारण गर्न मिल्ने भएकाले कोशेलीका रुपमा प्रयोग हुँदै आएको बेनी बजारमा लामो समयदेखि अर्गानिक उत्पादन बिक्रि गर्दै आउनुभएका सुमन पौडेलले जानकारी दिनुभयो । गत वर्ष रुमबाट रु पाँच लाखको जङ्गली च्याउ बिक्री भएको स्थानीय टेकबहादुर घर्तीले बताउनुभयो ।

व्यावसायिक उत्पादन गर्न सके रातो च्याउको भविष्य रहेको उहाँको भनाइ छ । सिताके च्याउको व्यावसायिक उत्पादन थालिए जसरी रातो च्याउको उत्पादन गर्न सकिने सम्भावना रहेको आत्मनिर्भर साना किसान सहकारी संस्था दरवाङका अध्यक्ष सन्तनाथ सुवेदीले बताउनुभयो । उहाँले भन्नुभयो, "अब जङ्गललाई घाँस दाउरामा मात्रै सीमित गर्न भएन, जसरी नौ महिनामा फल्ने सिताके च्याउको वैज्ञानिक तरिकाले तीन महिना मै फल्ने बीउ उत्पादन भयो त्यसरी रातो च्याउको विकास गर्न सकिन्छ ।"रासस

# नवलपरासीमा व्यावसायिक ड्रागनखेती

पाल्हीनन्दन । बर्दघाट सुस्ता पश्चिम नवलपरासीमा ड्रागनखेतीमा किसानको आकर्षण बढन थालेको छ । केही वर्ष अघिसम्म परीक्षणका रुपमा सुरु गरेका किसानले अहिले व्यावसायिक ड्रागनखेती गर्न थालेका छन् ।

वैदेशिक रोजगारका सिलसिलामा मलेसिया रहनुभएका प्रतापपुर गाउँपालिका-७ का ३७ वर्षीय सुर्जकुमार मौर्यले स्वदेश फर्किएपछि व्यावसायिक रुपमा लगाएको बताउँदै सुरुका वर्षमा खेतीसम्बन्धी आफूलाई ज्ञान नभएकाले नोक्सानी भएको मौर्यले जानकारी दिनुभयो । यस वर्ष बजारीकरणमा कुनै समस्या आएन भने रु सात लाख बराबरको ड्रागन बिक्री गर्ने लक्ष्य रहेको उहाँले बताउनुभयो ।

जिल्लामा सातजना किसानले व्यावसायिक रुपमा ड्रागन खेती गरिरहेका जिल्लास्थित कृषि ज्ञान केन्द्रले जनाएको छ । केन्द्रका प्रमुख



ड्रागन खेती सुरु गर्नुभएको छ । भारतको हरियाना कृषि ज्ञान केन्द्रमा ड्रागन खेतीसम्बन्धी तालिम लिएको भन्दै तीन वर्षदेखि आर्गानिक ड्रागनखेती गर्न थालेको उहाँले जानकारी दिनुभयो । रु सात लाखको लागतमा छ कठ्ठा जग्गामा तीन सय पिल्लरमा एक हजार दुई सय ड्रागनका बोट डा रविन्द्रनाथ चौबेले ड्रागन नयाँ फल भएकाले तालिम तथा प्राविधिक ज्ञान प्राप्त गरेपछि यहाँका किसानले व्यावसायिक रुपमा खेती गर्न थालेका बताउनुभयो । बिक्रीका लागि स्थानीय बजारका साथै पोखरा, काठमाडौँलगायत स्थानमा पठाउन केन्द्रले सहजीकरण गर्ने उहाँले जानकारी दिनुभयो ।रासस

# उद्योग व्यवसाय बन्द हुने दर बढ्दो



म्याग्दी । म्याग्दी जिल्लामा उद्योग व्यवसाय दर्ताको तुलनामा खारेजी हुनेको दर बढेको छ । आर्थिक वर्ष २०७९/८० को तुलनामा २०८०/८१ मा उद्योग व्ययसाय खारेज ५१.१९ प्रतिशतले बढेको र दर्ता ६६ प्रतिशतले घटेको उद्योग तथा पर्यटन कार्यालय म्याग्दीले जनाएको छ ।

आव २०८०/८१ मा दुई सय ११ उद्योग, व्यवसाय दर्ता भएको कार्यालयमा ८४ खारेज भएका छन् । कार्यालयका अनुसार २०८०/ ८१ मा ३१ उद्योग र ५३ व्यवसायिक फर्म खारेज भएका हुन् । आव २०७९/८० मा १४ उद्योग र २९ व्यवसायिक फर्म खारेज भएका थिए । सो अवधीमा एक सय एक वटा उद्योग र एक सय १० वटा ब्यवसायिक फर्म दर्ता भएका उद्योग तथा पर्यटन कार्यालयका प्रमुख पोषानाथ शर्माले बताउनुभयो ।

आव २०७७/७८ मा सात सय ६२, २०७८/७९ मा पाँच सय ७० र २०७९/८० मा तीन सय १७ वटा उद्योग र व्यवसायिक फर्म दर्ता भएका थिए । म्याग्दी उद्योग वाणिज्य संघका अध्यक्ष सुविन श्रेष्ठले कोरोना महामारी पछि आर्थिक मन्दीका कारण उद्यमी ब्यवसायीहरु बिदेश पलायन हुने र अन्य पेसा रोज्ने क्रम बढेको बताउनुभयो ।

"व्यवसाय दर्ता तथा खारेजी बढ्नु र दर्ता घट्नुलाई कोभिड पछिको आर्थिक मन्दिको असरका रुपमा लिएका छौ," उहाँले भन्नुभयो "वैदेशिक रोजगारका लागि कारोबार देखाउन, बैंकबाट ऋण र राज्यबाट अनुदान लिन कागजी प्रक्रीया पुरा गर्न दर्ता भएका उद्योग र ब्यवसाय उद्देश्य पुरा भएपछि कर तिरिरहनु भन्दा खारेज गर्नेहरु पनि छन् ।" जिल्लामा फेन्सी, हार्डवयर्स र होटल तथा रेष्टुरेष्टको ब्यापार घटेपनि सटरनै बन्द नभएका अध्यक्ष श्रेष्ठको दावी छ । उद्योग वाणिज्य संघको चुनावी प्रयोजनका लागि दर्ता भएका ब्यवसायिक फर्महरु पनि पछिल्लो समय स्थानीय तह, उद्योग तथा पर्यटन कार्यालय र आन्तरिक राजस्व कार्यालयमा कर तिर्नुपर्ने भएपछि बन्द गर्न थालेका छन् ।

> म्याग्दी उद्योग वाणिज्य संघका अध्यक्ष सुविन श्रेष्ठले कोरोना महामारी पछि आर्थिक मन्दीका कारण उद्यमी ब्यवसायीहरु बिदेश पलायन हुने र अन्य पेसा रोज्ने क्रम बढेको बताउनुभयो ।

उद्योग तथा ब्यवसाय दर्ता र नविकरणबाट उद्योग तथा पर्यटन कार्यालयले संकलन गर्ने राजस्वमा पनि गिरावट आएको छ । आव २०७९/८० मा रु १९ करोड ४७ हजार राजस्व संकलन गरेको कार्यालयले आव २०८०/८१ मा रु. १७ लाख ३८ हजार ५०० राजस्व संकलन गरेको छ ।

गत वर्ष ३२२ उद्योग र ३९४ व्यवसायिक फर्मले नवीकरण गरेका थिए । गत वर्ष दर्ता भएका उद्योगहरुमा ३०६ जनालाई रोजगारी सिर्जना भएको छ । जिल्लामा हाल दुई हजार आठ सय ८९ उद्योग र दुई हजार पाँच सय ४३ व्यवसाय कायम भएका छन् ।रासस

## माछापालनप्रति किसानको आकर्षण बढ्दो

मध्यविन्दु । बर्दघाट सुस्तापूर्वमा माछापालनप्रति किसानको आकर्षण बढ्दै गएको छ । जिल्लामा पछिल्लो तीन वर्षमा माछापालनतर्फ किसानको आकर्षण बढ्दा उत्पादनमा पनि वृद्धि भएको पाइएको छ । नेपाल मत्स्य केन्द्रले यस जिल्लालाई माछापालनका लागि उत्कृष्ट क्षेत्र प्रमाणित गरेको छ ।

माछापालन व्यवसाय तुलनात्मक रूपमा व्यवस्थापन गर्न सजिलो भएको र किसानले मनग्य आयआर्जन गर्न सक्ने भएकाले विगत तीन वर्षमा माछाको उत्पादन बढेको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र नवलपरासी (बर्दघाट सुस्तापूर्व)का प्रमुख ऋषभ गुरागाईंले बताउनुभयो । जिल्लामा गत आर्थिक वर्षमा ५७ माछापोखरी थपिएका छन् । आव २०७९/८० मा पोखरीको सङ्ख्या एक हजार पाँच सय १७ रहेको थियो भने आव २०८०/८१ मा उक्त सङ्ख्या एक हजार पाँच सय ७४ पुगेको उहाँले बताउनुभयो ।

जिल्लामा गत आवमा ५८ वटा नयाँ मत्स्यकार्प फार्म सञ्चालनमा आएका छन् । आव २०७९/८० मा दुई सय १५ फार्म रहेकामा आव २०८०/८१ मा उक्त सङ्ख्या दुई सय ७३ पुगेको प्रमुख गुरागाईंले जानकारी दिनुभयो । "माछा फार्म र माछापोखरी थपिने क्रम बढेसँगै यहाँ प्रत्येक वर्ष माछा उत्पादनमा वृद्धि भएको छ", उहाँले भन्नुभयो । आव २०७८/७९ मा नौ सय ३३ मेट्रिक टन माछा उत्पादन भएकामा आव २०७९/८० मा नौ सय ६८ मेट्रिक टन तथा आव २०८०/८१ मा नौ सय ८१ मेट्रिक टन माछा उत्पादन भएको तथ्याङ्क छ ।

माछापालनतर्फ जिल्लामा आकर्षण बढ्दै गएपछि माछाका भुरा उत्पादन गर्नेगरी गत आवमा एउटा मत्स्य ह्याचरी स्थापना भएको छ । त्यसैगरी यहाँ ६ वटा मत्स्य स्रोत केन्द्र सञ्चालनमा रहेको प्रमुख गुरागाईंले जानकारी दिनुभयो । नवलपरासी (बर्दघाट सुस्तापूर्व)मा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमार्फत मत्स्य स्वास्थ्य घुम्ती शिविरमार्फत स्थलगत माछापोखरीको रेखदेख गरिनुका साथै २५ लाख २८ हजार सिल्भर कार्प, रोहु र नैनीका भुरा वितरण गरिएको उहाँले बताउनुभयो ।

सरकारले माछापालन गर्न सिफारिस गरेका रोहु, नैनी, सिल्भर कार्प, कमल कार्प, ग्रास कार्प, विवेक कार्प, भागगोर र वडगासी जातका माछा यहाँ उत्पादन गर्ने गरिएको छ । रासस

# विकासे स्याउखेतीतर्फ किसान आकर्षित हुँदै

मनाङ । यहाँका किसान विकासे स्याउखेतीतर्फ आकर्षित भएसँगै अधिकांशको घरमा स्याउखेती फैलिएको छ । पछिल्लो समय परम्परागत स्याउखेतीलाई छोडेर व्यावसायिक खेतीलाई अङ्गाल्ने किसान जिल्लामा बढ्दै गएका हुन् ।नार्सों गाउँपालिका-८ ताचैका सोलबहादुर गुरुङका परिवार व्यावसायिक स्याउखेतीमा आवद्ध हुनुहुन्छ । यसअघि परम्परागत खेती गर्दै आएको बताउँदै सोलबहादुर अहिले विकासे (हाइब्रिड) स्याउखेती गर्न थालेको उल्लेख गर्नुभयो ।



सोलबहादुरले भन्नुभयो, "परम्परागत शैली र स्थानीय प्रजातिबाट हुने उत्पादनको तुलनामा विकासे प्रजातिबाट बढी उत्पादन हुने भएकाले यसतर्फ आकर्षित भएका हौँ । अहिले बारीमा स्थानीय स्याउ कम छन् । आम्दानी वृद्धि हुँदै गएपछि विकासे स्याउखेती गरिरहेका छौँ ।" उत्पादन बढी हुने र बजार माग पनि बढी भएकाले विकासे स्याउखेतीतर्फ लागेको किसान सोलबहादुरले बताउनुभयो । पछिल्लो समय विकासे स्याउबाट प्रशस्त उत्पादन हुन थालेको उहाँले जानकारी दिनुभयो । उत्पादन वृद्धि र स्याउको बजार माग राम्रो हुँदा अहिले यहाँका अधिकांश किसानले विकासे स्याउखेती गरिरहेका एग्रो मनाङका संस्थापक पोल्देन छोपाङ गुरुङले बताउनुभयो ।

विदेशबाट बिरुवा ल्याएर जिल्लामा विकासे स्याउखेती सुरु गरिएको जनाउँदै अहिले जिल्लाभर विस्तार भएको जिल्लास्थित कृषि ज्ञान केन्द्रले जनाएको छ । एग्रोका संस्थापक गुरुङले चार रोपनी क्षेत्रफलमा उच्च प्रविधिको ' हाई डेन्सिटी' प्रविधिबाट विकासे स्याउखेती सुरु गरेको जानकारी दिनुभयो । "फार्मले सुरुमा इटाली र सर्बियाबाट धेरै फल तथा उत्पादन दिने प्रजातिका विकासे स्याउका बिरुवा ल्याएर खेती थालेको थियो । यहाँबाट फुजी, गाला, गोल्डेन र रेड डिलिसिस प्रजातिका स्याउखेती विस्तार भएका छन्", उहाँले भन्नुभयो । उहाँका अनुसार छ वर्षअघि विस्तार गरिएको विकासे स्याउखेती अहिले जिल्लाभर विस्तार भइरहेको छ ।

यस प्रजातिको स्याउखेतीले करिब दुई वर्षमा उत्पादन दिने भएपछि यसतर्फ किसान आकर्षित भएका कृषि ज्ञान केन्द्रका प्रमुख मदन रेग्मीले बताउनुभयो । उत्पादन बढेसँगै किसानको आयस्तरमा वृद्धि हुँदै गएको उहाँले उल्लेख गर्नुभयो । उहाँका अनुसार बर्सेनि उत्पादन बढ्दै जाने भएकाले हाइब्रिड स्याउखेतीलाई किसानले पछ्याउन थालेका हुन् । यसले स्थानीय स्याउखेतीलाई केही असर गरेको उहाँको भनाइ छ । मनाङको तल्लो क्षेत्रबाट माथिल्लो क्षेत्रसम्म विकासे स्याउखेती विस्तार भइरहेको प्रमुख रेग्मीले बताउनुभयो । स्थानीय प्रजातिका स्याउखेतीलाई परिस्कृत गर्दै आम्दानी बढाउन विकासे स्याउखेतीमा आकर्षण बढ्दै गएको छ ।

स्थानीय प्रजातिको स्याउखेतीबाट मेहनतअनुसारको आम्दानी नहुने भएकाले अहिले यहाँका किसान विकासे स्याउखेती गर्न थालेका छन् । प्रमुख रेग्मीका अनुसार १३ हजारभन्दा बढी क्षेत्रफलमा विकासे स्याउखेती विस्तार गरिएको छ । मनाङमा उत्पादित स्याउको बजार पोखरा, काठमाडौँ, चितवनलगायत जिल्ला हुन् । यहाँ उत्पादित स्याउ स्वदेशमा मात्रै नभई विदेशमासमेत निर्यात हुने गरेको कृषि ज्ञान केन्द्रले जनाएको छ । यहाँको स्याउ लमजुङको बेँसीसहर हुँदै पोखरा, नारायणगढ, काठमाडौँसम्म पुग्दछ ।रासस

# स्थानीय तहले आलु खरिद गरेपछि किसानलाई राहत

पर्वत । पर्वतको जलजला गाउँपालिकाले किसानले फलाएको आलुको बीउ खरिद गरिदिएको छ । किसानले गत आर्थिक वर्षमा आलुको मूल बीउ उत्पादन गरेका थिए । उक्त आलु पालिकाले नै खरिद गरेपछि किसानलाई राहत मिलेको छ । रु १० लाख ७५ हजारभन्दा बढी मूल्य बराबरको आलुको बीउ पालिकाले खरिद गरेको छ ।

जलजला-६ शालिजाका तीन कृषक समूहले उत्पादन गरेको ३५ हजार चार सय ७० किलोग्राम बीउ आलु उक्त स्थानीय तहले खरिद गरेको हो । बीउ आलु बिक्री गरेका किसानलाई रु १० लाख ७५ हजार चार सय ७० भुक्तानी गरेको गाउँपालिकाको कृषि शाखाका अधिकृत राजु गौतमले जानकारी दिनुभयो । प्रगतिशील बीउ उत्पादक कृषक समूहले उत्पादन गरेको दुई हजार दुई सय ७० किलोग्राम मूलबीउ प्रतिकिलो रु ३५ का दरले रु ७९ हजार चार सय ७० मा खरिद गरेको छ । नमूना र प्रगतिशील बीउ उत्पादक कृषक समूहले उत्पादन गरेको ३३ हजार दुई सय किलोग्राम पहिलो पुस्ताको बीउ रु नौ लाख ६ हजारमा खरिद गरेको हो ।

बीउ उत्पादन गर्ने सबै किसानलाई जलजलाले नगद उपलब्ध गराएको छ । किसानबाट खरिद



गरेको बीउ पोखरामा रहेको चिस्यानगृहमा भण्डारण गरिएको छ । बीउ, मल र उत्पादन सामग्री उपलब्ध गराउने गाउँपालिकाले किसानले उत्पादन गरेको आलुको मूल बीउ पनि खरिद गरिदिएको हो । गाउँपालिकाले किसानबाट बर्खायाममा खरिद गर्ने बीउ चिस्यानगृहमा भण्डारण गर्ने र हिउँदमा उनीलाई नै बिक्री गर्ने गरेको छ । आलुको बीउ बिक्री गरेर जलजला गाउँपालिकाले गत आव २०८०/८१ मा रु २९ लाख ७१ हजार आम्दानी गरेको छ । गाउँपालिकाको आन्तरिक आम्दानीको २२ प्रतिशत आलुको बीउ बेचेर भएको हो ।

जलजला गाउँपालिकाका अध्यक्ष राजुप्रसाद आचार्यले आलुको गुणस्तरीय बीउ उत्पादन, उत्पादन क्षमता कम भएको पुरानो बीउ विस्थापित र बीउ आलुमा आत्मनिर्भर बनाउन दुई वर्षयता पिविएम (पूर्व बीउ आलु) कार्यक्रम सञ्चालन गरिएको जानकारी दिनुभयो । जलजलाको धेरै भूगोलमा आलुखेती भए पनि वर्षौंदेखि एउटै बीउको प्रयोग हुँदा उत्पादन, गुणस्तर र रोगकीराको समस्या देखिएको थियो । उहाँले भन्नुभयो, "गुणस्तरीय बीउ उत्पादन गरेर आलु उत्पादन र गुणस्तर सुधार गर्ने उद्देश्यले राष्ट्रिय कृषि अनुसन्धान परिषद् (नार्क)ले सिफारिस गरेको रोग प्रतिरोधात्मक क्षमताको पूर्व मूल बीउ भित्र्याएर मूल बीउ उत्पादन गरी किसानलाई बिक्री वितरणको व्यवस्था मिलाएका छौँ ।"

गाउँपालिकाले समूहमार्फत खरिद गरेको बीउ आलु पोखराको शीतभण्डारमा भण्डारण गरी सिजनमा गाउँपालिकाभित्रका बीउ उत्पादक कृषक समूहलाई नै वितरण गर्ने अधिकृत गौतमको भनाइ छ । जलजला आलु उत्पादनका लागि उर्वर मानिए पनि विगतमा उन्नत जातको आलुको बीउ समयमै नपाउँदा निराश हुने किसानको समस्या समाधान भएको प्रगतिशील बीउ उत्पादन समूहका तारानाथ भुसालले बताउनुभयो ।

यसैबीच गाउँपालिकाले आर्थिक वर्ष २०८०/८१ मा ६६ हजार ७० किलो उन्नत बीउ बिक्री गरी रु २९ लाख ७१ हजार राजस्व सङ्कलन गरेको छ । रासस


## नगराईन नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**नगराईन, धनुषा**
**मधेश प्रदेश, नेपाल**

## मौजुदा सूची दर्ता गराउने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८१।०४।२६**

यस नगरपालिकाको लागि आ.व. ०८१।८२ मा आवश्यक पर्ने समान तथा खरिद गर्न सार्वजनिक खरिद ऐनको दफा ६ (क) तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १८ मा भएको कानूनी व्यवस्था बमोजिम तपसिलको कार्य गर्न इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीले आ.व. २०७९/०८० को व्यवसायिक नविकरण भएको प्रमाण पत्र कर चुक्ता प्रमाण पत्र सहित स्थायी लेखा नम्बर र मुल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी सहित सार्वजनिक खरिद नियमावली २०६४ को अनुसुची २ (क) बमोजिमको ढाँचामा निवेदन दिनु हुन र आ.व. २०८०/०८१ मा यस कार्यालयमा सुचीकृत दर्ता गरेको तथा आ.व. २०८०/०८१ को व्यवसाय नविकरण भएको प्रमाण पत्र कर चुक्ता प्रमाण पत्र सहित स्थायी लेखा नम्बर र मुल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र नियमानुसार निवेदन दिनु हुन जानकारी गराईन्छ ।

**तपसिल**

१. मसलन्द छपाई तथा कार्यालय सामान आपूर्ति
२. फर्निचर तथा फर्निशिंग सामान आपूर्ति तथा मर्मत सम्बन्धी कार्य
३. मेशिनरी औजार (कम्प्युटर, प्रिन्टर फोटोकोपी मेशिन आदी) तथा इलेक्ट्रिकल सामान आपूर्ति तथा मर्मत,
४. भवन मर्मत सम्भार निर्माण सम्बन्धी सेवा
५. कुरियर सेवा
६. प्रशासनिक विषय संग सम्बन्धी अध्ययन अनुसन्धान तथा विभिन्न विषय संग सम्बन्धि सफटवेयर निर्माण मर्मत तथा आपुर्ति र सुचना प्रविधि संग सम्बन्धी विभिन्न परामर्श सेवा
७. फलफुल विरुवा सप्लाई तथा बगैंचा व्यवस्थापन सम्बन्धी कार्य
८. स्वास्थ्य, पशु, कृषिजन्य औषधी तथा सर्जिकल उपकरणाहरु
९. खाजा, खाना, चिया, पानी आदि
१०. विज्ञापन प्रकासन सम्बन्धी
११. विभिन्न प्राविधिक विषयको सेवा आपूर्ति, सबै डिजाइन आदि
१२. इन्टरनेट सेवा
१३. पत्रपत्रिका आपूर्ति गर्ने काम
१४. इन्धन आपूर्ति गर्ने काम

# प्रशासनिक सेवा झन्झटिलो बनाइयो

टुडे समाचारदाता




सिरहा । नागरिकलाई सहजरुपमा दिनुपर्ने सेवा सुविधाहरु जिल्ला प्रशासन कार्यालय सिरहाले झनै झन्झटिलो बनाएको गुनासो छ।

नागरिकता प्रतिलिपि सेवा लिने क्रममा झनै झन्झटिलो बनाएको सेवाग्राहीको गुनासो रहेको छ । प्रशासनले अबदेखि आलोपालो गरेर मात्रै प्रतिलिपि पाइने व्यवस्था गरेको जनाएको छ।

जिल्ला प्रशासन कार्यालय सिरहाले शुक्रबार सूचना जारी गर्दै आइतबारदेखि आलोपालो प्रणालीबाटनागरिकताकोप्रतिलिपि सेवा प्रदान गरिने जनाएको छ।

नागरिकताको प्रतिलिपिका लागि आवेदन दिने सेवाग्राहीहरूको संख्या अत्यधिक भएपछि सेवा प्रवाहमा समस्या उत्पन्न भएका कारण यस्तो व्यवस्था गरिएको सूचनामा उल्लेख गरिएको छ।

जिल्ला प्रशासन कार्यालयले गरेको नयाँ व्यवस्था अनुसार अबदेखि एउटा स्थानीय तहका सेवाग्राहीले साताको एक दिनमात्रै नागरिकता प्रतिलिपि सेवा लिन पाउनेछन् । अबदेखि औरही गाउँपालिका,बरियारपट्टीगाउँपालिका र नवराजपुर गाउँपालिकाका सेवाग्राही हरेक साताको आइतबार प्रतिलिपि सेवा लिन पाउने सूचनामा जनाइएको छ।

त्यस्तै सुखीपुर नगरपालिका, लक्ष्मीपुर पतारी गाउँपालिका, धनगढीमाई नगरपालिकाका सेवाग्राहीले सोमबार र अर्नमा गाउँपालिका, मिर्चैया नगरपालिका, कर्जन्हा नगरपालिकाका सेवाग्राहीले मंगलबार सेवा पाउने भएका छन्।

त्यस्तै नरहा गाउँपालिका, विष्णुपुर गाउँपालिका, गोलबजार नगरपालिकाका सेवाग्राहीले बुधबार र सिरहा नगरपालिका, कल्याणपुर नगरपालिका, सखुवानन्कारकट्टी गाउँपालिकाका सेवाग्राहीले बिहीबार सेवा पाउनेछन् । त्यस्तै, शुक्रबार पनि सिरहा नगरपालिका र लहान नगरपालिकाका सेवाग्राहीले प्रतिलिपी सेवा लिन पाउने सूचनामा उल्लेख छ। सार्वजनिक बिदामा छुटेका स्थानीय तहका सेवाग्राहीलाई त्यसको भोलिपल्ट सेवा दिइने पनि जिल्ला प्रशासनले जनाएको छ।

यसअघि कुनै पनि स्थानीय तहका सेवाग्राहीले आवश्यकताका आधारमा जुनसुकै दिन सेवा लिँदै आएका थिए । जिल्ला प्रशासन कार्यालयको यस्तो व्यवस्थापछि सेवाग्राहीले झन् झन्झटको सामना गर्नुपर्ने देखिन्छ। प्रशासनले आफ्नो सेवा झन् छिटोछरितो र व्यवस्थित बनाउनुपर्नेमा सेवा नै कटौती गर्नु गलत रहेको स्थानीयको भनाइ छ।

यता सिरहाका प्रमुख जिल्ला अधिकारी वासुदेव दाहालले जनशक्ति अभावका कारण यस्तो व्यवस्था गर्नुपर्ने जिकिर गरे।

# मिथिलामा लगपाँचे पर्व मनाइयो

टुडे समाचारदाता

जलेश्वर । सम्पूर्ण मिथिला क्षेत्रमा शुक्रबार लगपाँचे पर्व मनाइएको छ। मिथिला क्षेत्रका महोत्तरी, महोत्तरी, धनुषा, सर्लाही, सिरहा, सप्तरी, रौतहट, बारा पर्सासहित भारतको मधुबनी, दरभंगा, सीतामढी, मुजफ्फरपुर र पटनाका गाउँबस्तीमा आज लगपाँचे पर्व मनाइएका छ।

मिथिलाका गाउँटोलको प्रत्येक घरमा विषहरा बाबा (नाग देवता)को विशेष पूजाअर्चना सम्पन्न भएको छ। यो पर्वलाई विषहरा महारानी पनि भन्ने प्रचलन छ।

मिथिलानीले शुक्रबार बिहानै आ-आफ्ना घर, आँगन गाइको गोबरले लिपपोत गरी सफा बनाएका छन् । महिलाले प्रत्येक घरमा माटोको चुल्होमा पाकेको धानलाई माटोको भाँडोमा भुटेर लावा तयार गराई लावा, गाईको दूध, सिन्दुर, अक्षता, आँपको अचारसहित पूजा सामग्रीले नाग देवताको पूजा गरी यो पर्व मनाइरहेका जलेश्वर-८ का पण्डित उपेन्द्र पाठकले जानकारी दिए।



मिथिलानीले गाउँको वन वा भिरालो जमिन नजिक सर्पको दुलो खोजी सोही स्थानमा केराको पातमा आँपको अचार, लावा, दुध, सिन्दुर र अक्षतालगायत पूजा सामग्री चढाएर नाग देवतालाई भोग (खान) का लागि आह्वान गर्ने परम्परा रहेको उनले बताए। नाग देवता वा सर्पलाई पूजा सामग्री ग्रहणका लागि आह्वान गर्दै 'हे विषहरा बाबा, हे विषहरा महारानी, मैले तपाईंको पूजा गर्दै खानाका सम्पूर्ण वस्तु चढाएको छु। तपाईंले मेरो कुल परिवारका कसैलाई कहिले कुनै दुःख नदिनु, सधैँ सबैको रक्षा गर्नुहोला' भनी आराधना गर्ने प्रचलन रहेको पण्डित पाठकले जानकारी दिए।

"मिथिलानीले सबैभन्दा पहिला आँपको अचार चढाउँछन् । यसको अर्थ सर्पले परिवारका कुनै पनि सदस्यलाई टोक्न आउँदा सर्पको दाँत अमिलो भएर टोक्न नपाओस् भन्ने हो। त्यसपछि सर्पको पेट भर्न लावा, दूध, अक्षता र श्रृंगारका लागि सिन्दुर चढाउँछन्", उनले भने।

शुक्रबारको राति मिथिलाको प्रत्येक घरका कोठामा धानको लावा छर्किएर सुत्ने प्रचलन रहेको जलेश्वर-६ का सीतादेवी मिश्रले बताए। "भोली बिहान उठेर हेर्दा लावा हराउने विश्वास लिइन्छ", उनले भने, "राति छर्किएको लावा रात परेपछि विषहरा बाबा/विषहरा महारानी तथानाग देवी/देवताले आएर खाइदिने गरेको जनविश्वास छ।"

लगपाँचे पर्वपछि मिथिलामा आजैदेखि वर्षभरिका पर्व सुरु हुने गर्दछन् । 'भेल लगपाँचे, लागल सब पवनी नाचे' अर्थात् लगपाँचे भए लगत्तै अब मिथिलामा सबै पर्व सुरु हुन्छन् भनी यो पर्व मनाउने गरिएको मिश्रले जानकारी दिए। "लगपाँचेका दिन मिथिलाको कुनै पनि घरमा रोटी पाक्दैनन् भने कसैले दूध पनि खाँदैनन् । आजका दिन विषहरा बाबा/महारानीले मात्रै दूध खाने जनविश्वास छ", उनले भने।

लगपाँचे पर्वले सर्पबाट हुने हानीबाट परिवारका सदस्यलाई जोगाउने साथै यसको समापनपछि मिथिलामा अन्य पर्व सुरुवात हुने भएकाले यसलाई धुमधामका साथ मनाउने गरिन्छ । कतिपय गाउँमा विषहरा बाबा/महारानीको मन्दिर स्थापना गरिएको छ। मन्दिर भएका स्थानमा विशेष पूजासहित बली चढाउने परम्परा रहेको छ।

# इलेक्ट्रोनिक चुरोट बरामद

अनिल तिवारी

वीरगञ्ज । पर्सा प्रहरीले ठुलोमात्रामा इलेक्ट्रिक चुरोट बरामद गरेको छ । प्रहरीले वीरगञ्जबाट झन्डै पाँच करोड रुपैयाँ मूल्य बराबरको इलेक्ट्रिक चुरोट (भेप) नियन्त्रणमा लिएको छ । वीरगञ्जको रेल्वेरोडमा रहेको डाँफे ट्रान्सपोर्टमा छापामारी गरी प्रहरीले सो भेप नियन्त्रणमा लिएको छ।



वीरगञ्ज महानगरपालिको वडा नम्बर ६ का राम प्रसाद चौरसियाको घर भाडामा लिइ भारत बिहारका सुदामा प्रसादले भण्डारण गरी राखेको भेप प्रहरीले नियन्त्रणमा लिएको पर्साका प्रहरी उपरिक्षक कुमोद ढुंगेलले बताए।

सुरुमा भन्सारबाट ४ वटा भेप भारततर्फ लैजाँदै गएको अवस्थामा फेला परेपछि प्रहरीले अनुसन्धानलाई तिव्रता दिएको थियो। खोजविनका क्रममा डाफे ट्रान्सपोर्टको गोदाममा भण्डारण गरिएको राखिएको अवस्थामा भेप बरामद भएको प्रहरी उपरीक्षक ढुंगेलको भनाइ थियो।

पर्सा प्रहरीले पहिलोपटक बीरगन्जबाट यति ठूलो मात्रामा इलेक्ट्रिक चुरोट (भेप) बरामद गएको छ।

उनका अनुसार एउटा कार्टुनमा २ सय पीस भेप रहेको पाइएको छ । त्यसअनुसार ७६ कार्टुनमा करिब १५ हजार २ सय पीस रहेको छ । बरामद भेपको बजार मूल्य करिब ५ करोड रुपैयाँ हाराहारीमा रहेको प्रहरीले जनाएको छ।

# ट्रकको ठक्करबाट मृत्युपछि चालक कुटिए

टुडे समाचारदाता

लहान । सिरहाको लहानमा ट्रकको ठक्करबाट एक जनाको मृत्यु भएपछि चालकलाई आक्रोशित स्थानीयवासीले कुटपिट गरेका छन् ।




पुर्व-पश्चिम राजमार्गमा पर्ने लहान नगरपालिका-१२ स्थित भोटिया चोकमा ना.१ क २०१० नम्बरको ट्रकले ठक्कर दिँदा सोही ठाउँका ५० वर्षीय बद्री विकको बिहीबार राति घटनास्थलमै मृत्यु भएको थियो । सडकमा बा ७२ प ७६२२ नम्बरको मोटरसाइकल अनियन्त्रित भइ लडेको थियो । लडेको मोटरसाइकका चालकलाई बद्री र उनको भाइ ईश्वर विकले उठाउने क्रममा तीव्रगतिमा आएको ट्रकले उनीहरूलाई ठक्कर दिँदा दुर्घटना भएको लहान प्रहरीले जनाएको छ।

ठक्करबाट घाइते भएका ईश्वरको विराट नर्सिङ होम विराटनगर मोरङमा उपचार भइरहेको लहान प्रहरीले जनाएको छ।

यससाथै दुर्घटनाको विषयलाई लिएर स्थानीयले कुटपिट गर्दा घाइते भएका ट्रक चालकको प्रादेशिक अस्पताल लहानमा उपचार भइरहेको प्रहरीले जनाएको छ।

# आठजना मिटरब्याजीविरुद्ध अदालतमा मुद्दा



टुडे समाचारदाता

राजविराज । सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले मिटरब्याजी रामदेव साहु तेलीसहित आठजनाविरुद्ध सप्तरी जिल्ला अदालतमा अभियोगपत्र दायर गरेको छ।

मिटरब्याजी रामदेवसहित उनकी श्रीमती शिवकुमारी देवी, छोराहरू नन्दकिशोर र विपिनकुमार, छोरीहरू पुषा साह र अनुराधाकुमारी साह, नाति चन्दनकुमार साह र कैलाश साहलाई प्रतिवादी बनाएर उनीहरूविरुद्ध १३ करोड ५५ लाख ७८ हजार ८२६ रुपैयाँ बिगो दाबी गरिएको छ।

सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ (संशोधनसहित)को दफा ३० को उपदफा (१) बमोजिम बिगोको दोब्बर जरिवाना र कसुरको मात्राअनुसार कैद सजाय हुनका साथै निजको नाममा रहेको तपसिलबमोजिमको सम्पत्ति तथा साधन सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ (संशोधनसहित) दफा ३४ को उपदफा (१) बमोजिम जफत हुन मागदाबी गर्दै अदालतमा आरोपपत्र दायर भएको जिल्ला सरकारी वकिल कार्यालय राजविराजका जिल्ला न्यायाधिवक्ता गोकुलबहादुर निरौलाले जनाए।

परिबन्दमा परेका विपन्नलाई ऋण लगाएर रामदेवले मिटरब्याजमा रकम असुल्नुका साथै उनीहरूको जग्गासमेत कब्जा गरेका छन्। निमुखामाथिको यस्तो अत्याचार गर्नेमा साहुकारको स-परिवार संलग्न रहेको अभियोग छ।

ख ड क नगरपालिका कल्याणपुरका मिटरब्याजी तेलीको खोजीमा रहेको सप्तरी प्रहरीले उनका छोरा नन्दकिशोरलाई धरान बजारबाट र छोरी अनुराधालाई काठमाण्डुबाट पक्राउ गरेको जनाइएको छ। सप्तरी जिल्ला अदालतका न्यायाधीश सूर्यनाथप्रकाश अधिकारीको इजलासले ४४ वर्षीय नन्दकिशोर साह र उनकी दिदी अनुराधा साहलाई २२ असार ०७९ सालमा पुर्पक्षका लागि राजविराज कारागारमा थुनामा पठाएको थियो। त्यसपछि छोरा र छोरीलाई जनही ५०/५० लाख रुपैयाँ धरौटीमा थुनामुक्त गर्न सर्वोच्च अदालतले आदेश दिएको थियो।

ठगी तथा आपराधिक विश्वासघात गरेको भन्दै साहुकार रामदेवसँगै उनका परिवारका सदस्यहरुमाथि पनि सप्तरीका १७ जनाले उजुरी दिएका थिए।

# करेन्ट लागेर प्रहरी जवान घाइते



टुडे समाचारदाता

बारा । बाराको कलैया उपमहानगरपालिकाको मुख्य बजार भरत चोकमा करेन्ट लागेर एक प्रहरी जवान घाइते भएका छन्।

चोकमा रहेको चापाकलमा पानी खान जाँदा काठमाडौंमा कार्यरत बाराको देवताल गाउँपालिका-६ बेनौलीगाउँका २४ वर्षीय प्रहरी जवान सन्देश यादव घाइते भएका छन् । उनी विदामा घर जाने क्रममा कलैया बजार आइपुगेका थिए।

करेन्ट लागेर ढलेपछि चोकमै श्रेष्ठ पत्रिका पसल अगाडि बसिरहेका स्थानीय पत्रकार शिवशंकर मिश्रले लट्ठीले करेन्ट भएको तार चुडाउँदै उद्धार गरेका थिए। घाइतेलाई तत्कालै प्रादेशिक अस्पताल कलैयामा उपचारको लागि भर्ना गरिएको थियो। उनको प्राथमिक उपचारपछि थप उपचारका लागि नेश्नल मेडिकल कलेज वीरगञ्ज लगिएको थियो। यादवको स्वास्थ्य अवस्था समान्यबन्दै गएको मेडिकलमा रहेको प्रहरी युनिटका प्रहरी हवल्दार श्याम पटेलले बताए।

विद्युत् वितरण केन्द्र कलैयाका प्रमुख ऋषिकुमार वर्णवालले घटनाबारे प्राविधिक खटाएर जाँचबुझ भइरहेको जानकारी दिए। चापाकल नजिकै रहेको पोल ठड्याउने तारमा करेन्ट प्रवाह भएर करेन्ट लागेको जिल्ला प्रहरी कार्यालय बाराका प्रहरी प्रवक्तासमेत रहेका प्रहरी नायब उपरीक्षक प्रकाश सापकोटाले बताए।

# कल्भर्ट नबन्दा आवागमन ठप्प

टुडे समाचारदाता

राजविराज । राजविराज-कञ्चनपुर खण्ड जोडिने पुलको कल्भर्ट पुनःनिर्माण नहुँदा आवागमन ठप्प भएको छ।



गत असार दोस्रो साता वर्षासंगै आएको बाढीले सप्तरीको तिरहुत गाउँपालिका-२ स्थित बरहारा र मैनाकडेरीको बीचमा पर्ने चन्द्र नहरमा निर्माणाधीन पुलको कल्भर्ट भत्काएर बगाएको थियो।

सो ठाउँमा अहिलेसम्म पुनः निर्माण नहुँदा आवागमनमा सास्ती भएको स्थानीय बताउँछन्। हुलाकी सडकअन्तर्गत पर्ने राजविराज-कञ्चनपुर खण्डमा दैनिक सयौँ सवारीसाधन सञ्चालन हुँदै आएको छ।

कल्भर्ट पुनः निर्माण नहुँदा सवारीसाधनका साथै पैदल यात्रीलाईसमेत समस्या भइरहेको तिरहुत-२ का अशोक यादवले बताए । उनले भने, "सदर मुकाम राजविराजबाट करिब १३ किलोमिटर पूर्व हुलाकी राजमार्गमा पर्ने सो खण्डमा पुलमा बाढीले क्षति पुऱ्याएको थियो भने कल्भर्ट बगाउँदा आवागमनमा सास्ती भइरहेको छ।" राजविराज र कञ्चनपुर कुनै काम विषेशले जानुपरेमा सवारीसाधन आउजाउ गर्न समस्या हुने गरेको उनले गुनासो गरे।

कल्भर्ट भत्किएको ठाउँभन्दा तलो भागमा माटो भरेर हलुका सवारीसाधन सञ्चालन गर्न अस्थायी मार्ग बनाइएको भन्दै सामान्य वर्षामा पनि उक्त बाटोबाट मोटरसाईकल, साईकल र चार पांग्रे सवारी आवागमनमा समस्या भइरहेको स्थानीय विजय महत्मानले बताए।

महुली खोला तथा चन्द्र नहरमा आएको बाढीले क्षति गरेको कल्भर्ट पुनःनिर्माण गरी आवागमन सहज बनाउनेतर्फ सम्बन्धित निकायले चासो नदिँदा समस्या भएको सवारी चालक सन्तोष यादवले बताए । सवारीसाधन सञ्चालन हुन नसकेपछि आम्दानी नभएको भन्दै जीविकोपार्जनमासमेत सास्ती हुन थालेको उनले बताए।

असार र साउनमा ठूलो वर्षाका कारण मोहुली खोलामा आएको बाढीले कोशी पम्प चन्द्र नहर सिँचाइ योजनाको निर्माणाधीन संरचना तथा उपकरणसमेत क्षति पुऱ्याएको तिरहुत-२ का वडा अध्यक्ष सञ्जीवकुमार यादवले बताए।

# महिला उद्यमी उत्साहित

टुडे समाचारदाता



वीरगञ्ज । पर्सामा महिला उद्यमीको नाममा घरेलु तथा साना उद्योग दर्ता गर्ने क्रम बढेको छ। घरेलु तथा तथा साना उद्योग कार्यालयका अनुसार आर्थिक वर्ष २०८०/८१ मा तीन सय ९९ महिलाका नाममा घरेलु तथा साना उद्योग दर्ता भएका छन् । सोही आर्थिक वर्षमा पुरुषका नाममा पाँच सय ४४ उद्योग दर्ता भएका छन्। गत आवमा आठ सय ९७ वटा साना तथा घरेलु उद्योग दर्ता भएका छन्।

सरकारले महिला उद्यमीको स्वामित्वमा नयाँ घरेलु तथा साना उद्योग दर्ता गरे ३५ प्रतिशत छुट दिने प्रावधानले महिला उद्यमीका नाममा उद्योग दर्ता गर्ने क्रम बढेको छ । घरेलु तथा साना उद्योग कार्यालयका प्रमुख धञ्जयकुमार सिंहले छुट पाउने प्रावधानकै कारण महिलाका नाममा उद्योग दर्ता गर्ने क्रम बढेको बताए।

उनले भने, "विगतमा महिला उद्यमी सञ्चालक भएर उद्योग दर्ता गर्ने चलन थिएन । अहिले सरकारले दर्ता शुल्कमा छुट दिने व्यवस्था गरेसँगै महिला उद्यमी सञ्चालक भएर उद्योग दर्ता गर्ने क्रम बढेको छ", उनले भने। अझै पनि पुरुषकै स्वामित्वका उद्योगको संख्या धेरै छ।

सो कार्यालयले जनाए अनुसार आर्थिक वर्ष २०७९/८० मा एक हजार ८९ नयाँ उद्योग दर्ता भएका थिए। सो आवमा नयाँ दर्ता भएका उद्योगमा महिला उद्यमीको स्वामित्व भएको सङ्ख्या चार सय ५० र पुरुष उद्यमीको स्वामित्व भएका भने ६ सय ५४ रहेका छन्।

गत आर्थिक वर्षमा दर्ता भएका नयाँ उद्योगले चार हजार सात सय ३३ जनालाई रोजगारी सिर्जना गर्ने अनुमान गरिएको छ। त्यसमध्ये तीन हजार चार सय ५५ पुरुष र एक हजार दुई सय ७८ महिलालाई रोजगारी दिने क्षमता रहेको छ । कार्यालयले गत आवमा नयाँ साना तथा घरेलु उद्योग दर्ता भएर रु ८० लाख १२ हजार एक सय ५० राजस्व आम्दानी गरेको छ।

सो कार्यालयले आर्थिक वर्ष २०७९/८० मा दर्ता भएका नयाँ घरेलु तथा साना उद्योगले पाँच हजार चार सय ६० जनालाई रोजगारी सिर्जना गर्ने बताइएको छ। त्यसमध्ये तीन हजार दुई सय ४७ पुरुष र एक हजार दुई सय १३ महिलालाई रोजगारी दिनसक्ने क्षमता छ । सो कार्यालयले अघिल्लो आवमा नयाँ दर्ता भएका साना तथा घरेलु उद्योगबाट रु एक करोड ६ लाख ३९ हजार रुपैयाँ राजस्व संकलन गरेको थियो।

# हिन्दु र बौद्ध धर्मावलम्बीको सुरक्षाका लागि पर्याप्त कुटनीतिक पहल गर्न माग

टुडे समाचारदाता

राजविराज । जनविद्रहोबाट उत्पन्न अस्थिरताका बीच छिमेकी मुलुक बंगलादेशमा अल्पसंख्यक हिन्दु र बौद्ध धर्मावलम्बीहरु माथि निरन्तर भइरहेको हिंसा घटनाको घोर निन्दा गर्दै मधेशी आयोगकी सदस्य आभासेतु सिंहले हिंसाबाट जोगाउन र सुरक्षाका लागि पर्याप्त कुटनीतिक पहल गर्न नेपाल सरकारसँग आग्रह गरेकी छन्। शुक्रबार एक प्रेस विज्ञप्ति जारी गर्दै बंगलादेशमा हिन्दु र बौद्ध धर्मावलम्बीहरुमाथि केही दिन यता हत्या, आक्रमण, आगजनी, त्रासदीपूर्ण व्यवहार तथा मानवता विरोधी गतिविधि ह्वातै बढेकोमा चिन्ता समेत व्यक्त गरिन्।

उनले जारी गरेको विज्ञप्तिमा भनिएको छ, "जनबिद्रोहबाट उत्पन्न अस्थिरतासँगै त्यहा अराजक गतिविधी पनि तिब्र बनेको छ, सो विज्ञप्तिमा, "अल्पसंख्यक हिन्दु र बुद्ध धर्मावलम्बीहरुमाथी मानवता बिरोधी गतिविधी तत्काल रोक्न सम्बन्धीत पक्षसँग जोडदार माग गर्दछौं।" भनिएको छ।

उनले बंगलादेशमा धर्म र नश्ल पहिचान गरि भइरहेको हिंसा रोक्न नेपाल सरकारलाई तत्काल पर्याप्त कुटनीतिक पहल थाल्न समेत प्रेस विज्ञप्तिमार्फत आग्रह गरिन्।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८